# अध्याय एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

लामो समयको अभ्याससँगै मानवीय आवश्यकतालाई परिपुर्ति गर्न संस्कार वा मान्यताहरूको जन्म भएको पाइन्छ । यिनै संस्कारहरू मध्ये विवाह संस्कार एक हो । मानव सभ्यताको शुरुआती चरण देखिका इतिहाँसहरू हेर्दा विवाह संस्कार ठ्याक्कै यहि बेला देखी शुरु भयो भन्न नसकिएता पनि जैविक आवश्यकता परिपुर्ति गर्न शुरुआती अवस्थामै अस्थायी वा स्थायी प्रकारका मानवीय सम्बन्ध हुँदै कालान्तरमा विवाह संस्कारको रुप धारणा गर्दै गए । आजभोली यस्ता विवाहका संस्कारहरू सम्प्रदाय पिच्छे फरक फरक हुन सक्छन् । हिन्दु समाज र मुस्लीम समाजका विवाहका संस्कार फरक फरक हुन्छन् । त्यस्तै हिन्दु वर्ण भित्र पनि विभिन्न समुदायमा विवाहका संस्कार फरक-फरक किसिमका छन् । जस्तै मगर समुदायमा सम्पन्न गरिने विवाह संस्कार र ब्रह्माण समुदायमा सम्पन्न गरिने विवाह संस्कार फरक-फरक किसिमका हुन्छन् । समग्रमा भन्नुपर्दा सबै सम्प्रदाय वा समाजमा विवाह संस्कार अनिवार्य भएको छ भने विवाह संस्कार सम्पन्न गर्न पुर्व विवाहका जोडी कसरी छनोट गर्ने भन्ने पनि आ-आफ्नै तरिकाहरू प्रचलनमा रहेका छन् । नेपाली समाजमा लामो समय देखी विवाह संस्कार र विवाहमा जोडी छनोट गर्ने तौर तरिकाको अभ्यास हुँदै आइरहेको छ । पुरानो समयमा सम्पन्न गरिने विवाह संस्कार र जोडी छनोटका तौर तरिकाहरू तथा आधुनिक समयमा सम्पन्न गरिने विवाह संस्कार र जोडी छनोट गर्ने तौर तरिकाहरूमा धेरै परिवर्तन र विकास भएको छ । बदलिँदो परिवेश र आवश्यकताका आधारमा यसरी परिवर्तित भैरहने संस्कारहरू मध्ये विवाहका जोडी छनोट प्रणली एक हो । परिवर्तित समाज, विकसित समय, प्रविधि र चेतनाकाकारण मान्छे र समाजले गर्ने व्यवहारमा समेत कसरी परिवर्तन आउँदो रहेछ भन्ने कुरालाई समाजशास्त्रीय आँखाले हेर्ने प्रयत्न यस अध्ययन प्रकृयामा गरिएको छ । नमुनाको रुपमा नेपाली समाजको प्रतिनिधित्व गर्ने पर्वत जिल्लाको

जलजला गाउँपालिका वडा नं.७ अन्तर्गतको धाइरिङ गाउँलाई छनोट गरी यो शोध पत्र तयार गरिएको हो । वि.सं. २०६८ सालको जनगणनालाई आधार मानी केन्द्रीय तथ्याङ्क विभागले तयार पारेको आँकडा अनुसार धाईरिङ गाउँको जम्मा जनसंख्या ४२०० छ । (स्रोत :तथ्याङ्क शाखा बाग्लुङ) हाम्रो अध्ययनको विषय विवाहका जोडी छनोटमा आएको परिवर्तन भएका कारण हामीले यस जनसंख्या भित्र वर्तमान समयमा विवाहका जोडी छनोट प्रकृयालाई कसरी निरन्तरता दिँदै आइराखिएको छ र पुर्ववत समयमा विवाहका जोडी छनोट प्रकृयालाई कसरी सम्पन्न गरिन्थ्यो भन्ने कुरालाई अवलोकन गर्दै गुणत्मक तथ्याङ्कका आधारमा तुलनात्मक अध्ययन गरिएको छ भने बदलिँदो सामाजिक परिवेश सँगै मान्छेहरूका धारणा र व्यवहारमा कसरी वरिवर्तन आउँदै छ भन्ने कुरालाई विश्लेषणात्मक रूपमा अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाली समाज विकासोन्मुख चरणमा गुज्रिरहेको छ । विभिन्न सिद्धान्त, विचार र मान्यताहरूको विकास र प्रयोगबाट विश्वका धेरै समाजहरूमा गुणात्मक परिवर्तनका रेखाहरू देख्न सकिन्छ । प्रविधि र चेतनाको अभिबृद्धीले गर्दा नेपाली समाजमा पनि निरन्तर यसको असर देखिइ राखेको छ । नयाँ परिवेश र नयाँ बस्तु स्थिीती सँग एकाकार हुनको लागि पुराना मौलिक संस्कारहरू प्रयाप्त छैनन् । यसकारण धर्म संस्कृति र मान्यताहरूमा आधारित पुराना सामाजिक संस्कारहरूले मात्रै जनजीवन र दैनिकी धानिरहन मुस्किल छ । त्यसैले चाहेर वा नचाहेर मानिसहरू पुराना संस्कार वा मान्यताहरूलाई परिष्कृत र परिमार्जित गरिकन आफ्नो सामाजिक जीवनलाई पुर्णता दिइरहेका देख्न सकिन्छ । मानव सभ्यता विकासको शुरुआती चरणबाटै विकसित हुँदै आएको विवाह संस्कार नेपाली समाजमा पनि निरन्तर विकसित हुँदै आइरहेको छ । विवाह संस्कार सम्पन्न गर्नु पुर्व विवाहका जोडी अर्थात बर बधु छनोट गरिने तौर तरिकाहरू पनि विभिन्न स्वरुपबाट विकसित हुँदै आइरहेको देख्न सकिन्छ । शुरु शुरुमा धार्मिक मान्यता, सम्पत्ती रक्षा र सन्तान उत्पान जस्ता आवश्यकताको परिपुर्ति गर्ने उद्देश्य राखी विवाह गरिने हुँदा सोही सिमा रेखा भित्र रहेर विवाहका जोडी छनोट गर्ने गरिन्थ्यो । वर्तमानमा धार्मिक मान्यता र सन्तान उत्पादनमा मात्र केन्द्रीत नरही आफ्नो

काम, आफ्नो पेशा र सम्पुर्ण मनोबैज्ञानिक पक्षको हित गर्ने गरि आँफु सुहाउँदो जोडी अभिभावक वा तेश्रो पक्षको सहयोग बिना आँफै छनोट गर्ने प्रचलन बढ्दो छ । यसरी जोडी छनोट गरिने प्रकृयामा कानुन, मान्यता आदीले मान्छेहरूलाई पुर्णत स्वतन्त्रता प्रदान गरिदिएका कारण मान्छेहरू आँफु सुहाउँदो जोडी छान्न स्वनिर्णय कायम भएका प्रशस्त दृष्टान्तहरू देख्न सकिन्छ । अभिभावक वा तेश्रो पक्षले नै जोडी खोजिदिए पनि बर र बधु अथवा केटा र केटीको सहमती बिना विवाह गर्नै पर्छ भन्ने जस्तो दबाबको कुनै गुञ्जायस देखिदैंन । सिमित सहरी इलाका बाहेक नेपालका अधिकांस ठाउँहरू गाउँले परिवेशका छन् । यसकारण नेपालका प्रत्येक ठाउँहरूमा एकै एकै प्रकारको प्रचलन देख्न पाइन्छ । सिमित सहरी इलाकामा पनि गाउँबाट नै स्थानान्त्रण भएर आएका मान्छेहरूको बाहुल्यता भएका कारण यहाँ पनि उस्तै-उस्तै प्रकारका संस्कार वा मान्यताहरू नै प्रचलित हुने गर्दछन् । हामीले यस अध्ययनमा नेपाली समाजको प्रतिनिधित्व गर्ने पर्वत जिल्लाको जलजला गाउँपालिका वडा नं.७ लाई छानेका छौं । विश्व परिवेश र बदलिँदो परिस्थितीको असर यस गाउँमा पनि देख्न सकिन्छ । धेरै पुराना सामाजिक मान्यताहरूले नयाँ परिवेशका आवश्यकताहरू धान्न नसक्ने हुँदा परिवर्तन र पुर्नगठनको अवस्थाको जरुरी यहाँ पनि देख्न सकिन्छ । मानिसहरू त्यसै अनुरुप आफ्ना सामाजिक व्यवहार र स्वभावहरूलाई परिवर्तन गर्दैछन् । प्रस्तुत अध्ययन पर्वतको जलजला-७, धाइरिङमा विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनलाई मुख्य विषय बनाइएको छ । समाजमाा समय, प्रविधिको विकास र गुणस्तरीयताको बृद्धी सँग-सँगै कसरी मान्छेहरूको रुची, स्वभाव र व्यवहारमा परिवर्तन आउँदो रहेछ भन्ने कुरा प्रष्ट पार्न खोजिएको छ । सोही अनुरुप यस अध्ययनमा जलजला-७ पर्वत धाइरिङमा पहिले पहिले जोडी छनोट गरी विवाह गर्ने प्रचलन र वर्तमानमा गरिने जोडी छनोट र विवाहका उदाहरणहरूलाई अध्ययन अवलोकन गर्दै विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन र परिवर्तन आउनुका कारणहरूलाई केलाइएको छ ।

## १.३ अध्ययनको उद्देश्य

समयको आवश्यकता सँगै समाज र मान्छेहरूका रुची, स्वभाव र व्यवहारमा पनि परिवर्तन आउँछ । सानो उदाहरणको लागि पहिलेका सूचना सन्देश प्रवाह गर्ने

चिठीपत्रको युग र आधुनिक मोवाइल फोन तथा सामाजिक सञ्जाल लाई लिन सकिन्छ । मान्छेहरू आफ्ना आवश्यकता परिपुर्ति गर्न सस्तो र सजिलो उपाय अवलम्बन गर्ने गर्छन् । खानपीन, रहन सहन देखी लियर पेशा व्यवसाय सम्म छनोटमा मान्छेहरूको रुची र स्वभाव बदलीयको नै हुन्छ । लामो समय देखी पृत्तिसत्तात्मक व्यवस्थामा आधारित नेपाली समाजमा प्राय महिलालाई विवाह गरेर पुरुषले लैजाने चलन थियो र आज पनि छ । जुन समयमा कृषी र पशुपालन गरी जिवीकोपार्जन गर्ने प्रचलन थियो त्यस समयमा विवाहका जोडी छनोट प्रकृयामा पनि त्यस्तै प्रकारको जोडीको अपेक्षा हुन्थ्यो जस्तो : आयआर्जन र दैनिकी धान्न, खेतीपाती व्यवसाय निरन्तरताको लागि घर भित्रिँदै गरेकी दुलहीले मोल बोक्न र खेत रोप्न जान्ने र सक्ने हुनुपर्छ भन्ने चाहना दुलाहा पक्षबाट हुन्थ्यो । विस्तारै समय र प्रविधिको विकास क्रम सँग-सँगै व्यवसायका विकल्पहरू पनि बढ्दै गए । जसअनुसार बन्द व्यवसाय र बैदेशिक रोजगारीका अवसरहरू खुल्दै गए । यस अवस्थामा व्यवसायमा सहज हुने खालको र विदेश हुँदा घर धान्न सक्ने खालको जोडीको अपेक्षा हुन थाल्यो । यसरी खोजिने जोडी प्राय अभिभावकले नै परिस्थितिको मुल्याङ्कन गर्दै खोजिदिने चलन थियो । यसमा बर अथवा बधुले कुनै नाइँनास्ती गर्दैनथे । आजभोली चेतना, प्रविधि र परिवर्तित परिस्थितीले जोडीहरू छान्नलाई अभिभावकको अनुमति पर्खिरहनु पर्ने अवस्था छैन । त्यस्तै कुटुम्ब जात वा अन्य धार्मिक परम्पराहरूले पनि जोडी छनोटमा त्यती धेरै भुमिका खेल्न सक्ने देखिँदैन । समग्रमा भन्नु पर्दा जोडी छनोट प्रकृया स्वभावत व्यक्तिगत स्वतन्त्रता जस्तै भएको छ भन्दा हुन्छ । यसरी समयले मानिसलाई आफ्नो र आँफुलाई उपयुक्त जोडी छनोट गर्न कसरी सक्षम बनाउँदै छ ? भन्ने कुरा अध्ययनको विषय बस्तु हो । यसमा मूलत विवाहका जोडी छनोट सन्दर्भमा परम्परागत तरिका वा काइदा र आधुनिक तरिका वा काइदालाई केलाएर विवाहका जोडि छनोट गर्ने तरिकामा आएको परिवर्तनका पछाडी के-के कारणहरू छन् ? भनिकन निष्कर्ष निकाल्नु नै अध्ययनको उद्देश्य रहेको छ । जसलाई बुँदागत रुपमा यसरी निर्धारित गरिएको छ ।

१. विवाहका जोडी छनोट प्रणालीका परम्परागत तरिकाहरूको विश्लेषण गर्नु ।

२. विवाहका जोडी छनोट प्रणालीका आधुनिक तरिकाहरूको विश्लेषण गर्नु ।

३. विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनका कारणहरू पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व

विवाहका जोडी छनोट तरिकामा आइरहेका परिवर्तनहरूलाइ समाजसास्त्रीय आँखाले हेर्दा बदलिँदो परिवेशमा सामाजिक मान्छेहरूका जिविको पार्जनका तौर तरिकाहरू पनि परिवर्तित हुँदै जान्छन् । समुदायका मान्छेहरूको दैनिकी,जिविको पार्जन र सामुदायिक भुमिकामा आउने निरन्तरको परिवर्तनमा विभिन्न संस्कार र मान्यताहरू रहेका हुन्छन् । यस हिसाबले विवाहका जोडी छनोटको तरिका पनि संस्कार सँगै जोडिएर आएको हुन्छ । पुर्ववत समयमा त्यसबेलाको सामाजिक अन्तरसम्बन्ध र तत्कालिन समाजको आवश्यकता अनुसार सामाजिक लेनदेन र व्यवहार हुने गर्दथे । मध्य समय र वर्तमान समयमा परिस्थिती अनुसारकै लेनदेन र व्यवहार हुने नै भयो । यसरी हेर्दा मान्छेका आवश्यकता परिपुर्ति गर्नलाई समय मुताविक काम, धन्दा र बन्द व्यवसायमा परिवर्तन आइरहन्छ । परिवर्तित परिस्थिती सँग एकाकार हुन मान्छेहरूलाई पुराना मान्यता र संस्कारहरू मात्रै प्रयाप्त हुँदैनन् । अतयव त्यस्ता मान्यता, तरिका वा परम्पराहरूलाई सुधार गर्ने र सम्भव नभए परिवर्तन गर्नै पर्ने अवस्थामा समाज व्यवस्था र मान्छेहरू पुगेका हुन्छन् । हाम्रो अध्ययनको विषय विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन भएता पनि यस विषयको अध्ययनका क्रममा समकालीन समाजका पुराना मान्यताहरू किन परिवर्तित हुँदै छन् ? भन्ने कुरा थाहा पाउनै पर्ने हुन्छ । विवाहका जोडी छनोटका सन्दर्भमा किन पहिले र अहिलेमा भिन्नता आएको होला ? भनेर जान्ने प्रयास गर्दै गर्दा समाजका अन्य थुप्रै अवयवहरूको पनि साथसाथै जानकारी लिन सकिन्छ । नेपाली समाज कसरी विकासपथमाा बामे सर्दै आएको रहेछ भन्ने तथ्यहरू पनि विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन सँगैको अध्ययनमा समावेश भएको छ । यस हिसाबले समाजशास्त्रको विद्यार्थी र सरोकारवालालाई यस अध्ययनले थप टेवा दिने छ भन्नेमा अध्ययनकर्ता विश्वस्त छ । साथै नेपाली समाजमा विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनका बारेमा थाहा पाउन यो अध्ययन कामयोगी बन्ने छ भन्ने कुरामा पनि ।

## १.५ अध्ययनको सिमा

यो अध्ययन पर्वत जिल्लाको जलजला गाउँपालिका वडा नं.७ धाइरिङमा बसोबास गर्ने समुदायमा प्रचलित विवाहका जोडी छनोट गर्ने तरिकामा केन्द्रीत छ । करिब ८०० घरधुरी रहेको यस गाउँमा ब्राह्मण, क्षेत्री, दलीतको मुख्य बसोबास रहेको छ भने केही मात्रामा मगर जातीको पनि उपस्थिती देखिन्छ । जुम्ला सँग प्रत्यक्ष जोडीएको यहाँको इतिहाँस हेर्दा खसआर्य जातीले मान्ने हिन्दु संस्कार र परम्परा अनुसार सामाजिक क्रियाक्लापहरू सञ्चालन हुँदै आएका र समय परिस्थिती अनुसार परिवर्तन पनि हुँदै आइरहेको देखिन्छ । बस्तुस्थिति नियाल्दा आम नेपाली समाजको प्रतिनिधित्व गर्न सक्ने यस गाउँको सम्पुर्ण घरमा पुग्न नसके पनि लमि (विवाह एजेन्सी), बयोबृद्ध नागरीक र फरक-फरक पृष्ठभुमिका विवाहित जोडी जस्ता प्रितिनिधी छनोट गरिकन प्रश्नोत्तर विधीबाट तथा कतिपय घटीत उदाहरणहरू अवलोकनबाट गुणात्मक तथ्य पत्ता लगाई विश्लेषण गरिएको छ । नेपाली समाजमा हाल प्रचलीत विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन सँग यो अध्ययन मिल्दो जुल्दो भएता पनि यो अध्ययन पर्वत जिल्लाको जलजला गाउँपालिका अन्तरगत वडा नं.७ धाइरिङमा केन्द्रीत रही तयार गरिएको छ । तसर्थ यस अध्ययन अन्य प्रयोजनमा मेल नखान पनि सक्छ ।

अपवाद बाहेक समाजका प्रत्येक व्यक्तीले विवाह गर्ने प्रचलन अनिवार्य जस्तै छ । विवाह धार्मिक मान्यता सँग समेत जोडिएर आएको हुँदा यसलाई आवश्यकता पुर्ती मात्र नभएर अनिवार्य संस्कारका रुपमा समेत नेपाली समाजमा लिइँदै आएको छ । अतएव विवाहका जोडी छनोट गर्दा कूल, खानदान र बिगोत्र हेर्ने गरी जोडा मिलाउने पुरानो चलन र शिक्षा उमेर र मन पराएर आफ्नो जोडी आँफै छान्ने आजको चलन बिच आएका परिवर्तनका आरोह-अवरोह लाई यस अध्ययनमा समेटीएको छ ।

## १.६ शोधपत्रका संगठनात्मक ढाँचा

यो शोधपत्रमा विवाहका जोडी छनोट तरिकामा आएको परिवर्तनलाई ६ वटा अध्यायहरूमा बाँधिएको छ । अध्ययनको परिचय खण्ड एकमा विवाह र नेपाली समाजमा चल्दै आएको विवाहका जोडी छनोट प्रकृयालाई अध्ययन गरिएको छ । त्यसै गरी

समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा र अध्ययनको रुपरेखा समावेश गरिएको छ । त्यस्तै दोश्रो खण्डमा सम्बन्धित साहित्यको पुनरावलोकनलाई समावेश गरिएको छ । जहाँ विवाह र विवाहका जोडी छनोट तरिकाका सम्बन्धित सन्दर्भ सामाग्रीहरूको पुनरावलोकन गर्ने प्रयत्न गरिएको छ । तेस्रो खण्डमा शोधकार्यमा प्रयोग गरिएका अनुसन्धान पद्धतीलाई जोड्ने काम गरिएको छ । जस अन्तर्गत अध्ययन क्षेत्रको छनोट, अनुसन्धान ढाँचा, समग्र र नमुना, तथ्याङ्क संकलनका स्रोतहरू, तथ्याङ्क संकलनका विधिहरू, तथ्याङ्कको प्रस्तुती एवं विश्लेषण समावेश गरिएको छ ।

चौथो खण्डमा गएर विवाहका जोडी छनोट प्रणाली अन्तर्गत नेपाली समाज तथा जलजला गाउँपालिका धाइरिङ,पर्वतमा प्रचलीत परम्परागत रुपमा विवाहका जोडी छनोट गरिने तरिका र आधुनिक तरिकाहरूको अध्ययन अवलोकन गर्दै विवाहका जोडी छनोट गर्ने प्रणाली कसरी र किन परिवर्तन भईरहेको छ भन्ने कुरालाई सविस्तार  विश्लेषण गरिएको छ ।

पाँचौ खण्डमा विवाहका जोडी छनोट प्रणलीमा आएको परिवर्तनलाई व्याख्या गरिएको छ । यस अध्यायमा समय र प्रविधि, काम र स्थान परिवर्तन, सामाजिक सञ्जाल र माध्ययमहरूको विकास तथा चेतनाको अभिबृद्धी आदी जस्ता कारणहरूले समाज र मान्छेहरूको मनोविज्ञान पनि खारिएको छ । जसका कारणले मान्छेहरूबाट प्रस्तुत हुने सामाजिक व्यवहार पनि परिवर्तित भइरहन्छ । यसैको परिणाम विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनलाई मान्दै विश्लेषण गरिएको छ । छैटौं खण्डमा शोधको निष्कर्ष र सुझावहरूलाई प्रस्तुत गर्दै सन्दर्भ सामाग्रीहरू र प्रश्नावलीहरूको नमुना अनुसूचीहरूमा क्रमशः समावेश गरिएको छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ विवाहका जोडी छनोट सम्बन्धी एक अवधारणात्मक दृष्टिकोण

सामान्य अर्थमा एक महिला र एक पुरुष विचको आपसी सहमतीमा दुवै एक भएर जिन्दगीको यात्रा तय गर्ने कार्यलाई विवाह भनेर बुझिन्छ । विवाह भनेको के हो ? भनेर थाहा पाउनको लागी मानव सभ्यता विकासका शुरुआती चरण देखि हालसम्मका घटनाक्रमहरलाई नियाल्नु पर्ने हुन्छ । मानव समाजले पार गरेका चरणहरू मध्ये शुरुआतीका सामुहिक बसोबास र सामुहिक खानपानको चरण जसलाई प्रारम्भिक साम्यबादी युग पनि भनिन्छ । त्यसबेलाका मानवहरू समुहमा बस्ने, मिलेर शिकार गर्ने र बाँडीचुँडी खाने अवस्था थियो । थोरै मात्र समुदाय भएका कारण खाने र बस्ने बाहेकका जटीलता नभएका कारण त्यसबेलको मानवीय अवस्थामा ठुला कठिनता नभएको अनुमान लगाउन सकिन्छ । जैविकिय आवश्यकताले पुरुष र महिला बिचमा यौन सम्पर्क हुने भएता पनि विवाहकै मान्यताहरूको विकास नभएको समेत सहजै अनुमान लगाउन सकिन्छ । त्यस पछाडीका पशुपालन र खेतीपाती जस्ता युगहरूको शुरुआत सँगै मानव समाजमा विकास र जटीलताहरू थपिँदै जान थाले । यस चरणमा मानव समाजभित्र संस्कार र मान्यताहरू स्थापित र विकसित हुँदै जान थाले । समाजको स्वरुप अनुसार विभिन्न खालका धार्मिक र सांस्कृतिक मान्यताहरूको विकास गरिकन समाजलाई व्यवस्थित र चुस्त बनाउँदै लगियो । यसै क्रममा विवाह संस्कारले पनि बलियो सामाजिक मान्यता पाउँदै गएको देखिन्छ । यौन आवश्यकतालाई बैधानिकता दिन तथा सन्तान उत्पादनलाई प्रथामिकतामा राखेर विवाह संस्कारको उत्पत्ती वा शुरुआत भएको कुरालाई विभिन्न घटनाक्रमहरूले पुष्टि गर्दछन् ।

यसरी मानव समाजको विकास क्रम सँग-सँगै अस्तीत्वमा आएको विवाह संस्कारले विभिन्न आरोह-अवरोह पार गर्दै आजको दिन सम्म आईपुगेको छ । माथी उल्लेखित

सारांशमा विवाहको उत्पत्तीबारेमा सामान्य चर्चा गरियो । विवाहको उत्पत्ती भन्दा पहिले मानव सभ्यता र समाजकै विकासको कुरा गर्नु पर्ने हुन्छ । मानव समाज र समुदायको विकास विभिन्न सभ्यताहरूबाट हुँदै आएको देखिन्छ । इरानको हिन्दकुष क्षेत्रबाट विकसित सिन्धु सभ्यताबाट उत्पत्ती भएको हिन्दु समुदाय जस्तै विश्वमा विभिन्न सम्प्रदाय र सभ्यताहरूको विकास हुँदै आएको पाइन्छ । हाल प्रचलनमा रहेका विभिन्न समुदाय तथा सम्प्रदायहरूमा संस्कार पछ्याउने आ-आफ्नै तरिका वा काइदाहरू देख्न सकिन्छ । जस्तो कि हिन्दु समुदाय र संस्कृतिमा आफनै शैलीका मौलिकताहरू हुन्छन् भने मुस्लीम समुदायमा उस्तै प्रकारका मौलिकताहरूले निरन्तरता पाइराखेको देख्न सकिन्छ । यस्ता संस्कारहरू हिन्दु, मुस्लीम, इसाई वा अन्य समुदायहरूमा फरक-फरक किसिमले प्रचलीत हुन्छन् । कतिपय अवस्थामा एउटै समुदाय वा सम्प्रदायहरूमा पनि संस्कार पछ्याउने फरक फरक काइदाहरू हुन सक्छन् । जस्तो कि मुस्लीम समुदाय भित्र प्रचलीत सिया र सुन्नी समुदायमा संस्कारलाई पछ्याउने फरक-फरक तरिकाहरू हुन सक्छन् । त्यस्तै हिन्दु समुदाय भित्र पनि संस्कार पछ्याउने फरक फरक तरिकाहरू पक्कै हुन्छन् । भुगोल, भाषा आदी इत्यादी तत्वहरूले पनि संस्कारको निर्माण र यिनीहरूको पालना तथा विकासमा भुमिका खेलेका हुन्छन् । यसरी उत्पत्ती र विकास भएका संस्कारहरू मध्ये विवाह संस्कार लाई लिन सकिन्छ ।

यसरी लामो समयको सामाजिक विकासक्रम सँगै उत्पत्ति र विकास भएको विवाह प्रकृयालाई समुदाय र सम्प्रदाय अनुसार फरक फरक ढङ्गले अङ्गाल्ने गरेको पाइन्छ । अधिकांश विश्वका मुलुकहरूमा पितृ सत्तात्मक व्यवसथाका आधारमा विवाह पद्दती सम्पन्न हुने भएता पनि मान्यता, कानुन र चेतनाको अभिबृद्धिले कतिपय वर्तमानका तेश्रो देशहरूमा सिङ्गल मदर, लिभिङ्ग टु गेदर आदी जस्ता प्रचलनहरू पनि देख्न सकिन्छ । यसरी विवाह प्रकृया सम्बन्धमा इतिहास देखी वर्तमान सम्मका घटनाक्रमहरूलाई नियाल्दा प्रत्येक समाजमा विवाहलाई बुझ्ने तरिका आ-आफ्नै किसिमका हुन्छन् । अर्थात विवाहलाई बुझ्न समाजलाई डोर्‍याउने धार्मिक अवस्थाले भुमिका खेलेको देख्न सकिनछ । भिन्दा भिन्दै समाजमा विकासको प्रकृया सँगै धेरै प्रकृतिका विवाहहरू प्रचलनमा आएको पाइन्छ । युरोप महादेशबाट शुरु भएको औद्योगिक

क्रान्तीले शुरुआत गरेको औद्योगिकरण भन्दा अगाडी र पछाडीका विवाह प्रकृयामा धेरै नै फरक पाइन्छ । कारण उत्पादन सम्बन्धमा आएको परिवर्तन हो । सामान्ती उत्पादन प्रणालीमा बलियो पक्षले उत्पादनका साधन लगायतका चीज वस्तु देखि हरेक प्रकृयामा बलजफ्ती गर्दै मुनाफाको धेरै हिस्सा आँफु केन्द्रीत गर्ने गरिन्थ्यो । यस अवस्थामा जो बलियो छ उसैले समाजका अवयव देखि सम्पुर्ण सत्ता कब्जामा लिने गर्दथ्यो । यसको असर विवाह पद्दतीमा पनि परेको देखिन्छ । शक्तिवान राजा महाराजा वा सुल्तानहरूले चाहे जती श्रीमती भित्र्याउने चलन माथी देखी समाजको तल्लो तप्का सम्म शक्ति हुनेले सिको गरिरह्यो । औद्योगिकरण पछि उत्पादन सम्बन्धमा व्यापक फेरबदल आयो । राज्यका स्वरुप र व्यवहार फेरीदै जान थाले । सामन्तबाद बाट पुँजीबाद तर्फ सम्पुर्ण समाज उन्मुख रहे । यस अवस्थामा सम्पुर्ण चिज या वस्तुहरूलाई नाफाका हिसाबले हेर्ने र प्रयोग गर्ने अवस्थाको शुरुआत भयो । विवाह पद्दतीमा पनि यसैको प्रवाभ पर्न थाल्यो । र सौख, धार्मिक मान्यता वा परम्पराका हिसाबमा सम्पन्न हुँदै आएको विवाह प्रकृया अब नितान्त व्यक्तीको इच्छा, चाहना वा स्वतन्त्रता वा विवेक प्रयोग गरि उत्पादनले थेग्न सक्ने खालका विवाह पद्दतीहरूको शुरुआत भएको देख्न सकिन्छ । समय क्रममा विवाह पद्दतीमा परिवर्तनहरू भइरहेको देखिन्छ । यसकारण सम्पुर्ण समाजमा एउटै प्रकृतिका विवाहका मान्यता कायम छैनन् । शास्त्रीय रुपमा पनि विभिन्न विद्धानहरूले विवाहका सम्बन्धमा फरक-फरक अभिव्यक्तिहरू दिएका छन् ।

गौतम, टिकाराम (२०६६) मा सामाजिक संस्था र प्रकृयाको विश्लेषण नामक पुस्तकमा विभिन्न विद्धानहरूका भनाई संकलन गरेका छन् ।

मालीनोस्कीका शब्दमा “विवाह वच्चा वच्चीको पैदा तथा हेरविचार गर्ने करार हो ।”

त्यस्तै हर्टन एण्ड हण्टका शब्दमा “विवाह एक स्वीकृत सामाजिक प्रणाली हो, जस अनुसार दुई वा दुई भन्दा बढी व्यक्तीहरू परिवारको स्थापना गर्दछन् ।”

रोबर्ट एच.लोइ “अनुमति वा स्वीकृति प्रदान गरिएका जोडीहरूको विचमा हुन लागेको लगभग स्थायी सम्बन्धलाई विवाह भनिन्छ ।”

अक्सफोर्ड लनर्स डिक्सनरी “कानुनी रुपमाा महिला र पुरुष विच श्रीमान् र श्रीमतीको रुपमा हुने एकतालाई विवाह भनिन्छ (अक्सफोर्ड, १९८९) ।

विभिन्न विद्धान तथा समाजशास्त्रीहरूले विवाहका सम्बनधमा व्यक्त गरेका भनाईहरूबाट प्रष्ट हुन सकिन्छ कि विवाह संस्थाकाको उत्पत्ती मानव समाजको उत्पत्ति देखि केही समय पछि बाट भएको हुनुपर्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । आफ्नो जैविकिय आवश्यकता पुर्ति र व्यवस्थित गर्न तथा वंश निरन्तरताको लागि मानव र मानव समाजद्वारा सिर्जित परम्परागत सामाजिक संस्था विवाह हो भन्न सकिन्छ । विवाह महिला र पुरुष लिङ्ग भएका सदस्यहरूलाई पारिवारिक जीवनमा प्रवेश गर्ने धार्मिक, कानुनी र सामाजिक समेतको स्वीकृती हो । जसले महिला र पुरुष तथा तिनको सन्ततीलाई धार्मिक र सामाजिक क्रियाकलापमा सहभागी हुन र सामाजिकिकरण गराउने कार्य गर्दछ । विवाहले संस्कृति हस्तान्त्रणमा पनि भुमिका खेलेको हुन्छ । वैवाहिक माध्यमबाट साँस्कृतिक विशेषता आदान प्रदान हुँदै एक पुस्ता देखि अर्को पुस्ता सम्म हस्तान्तरण समेत हुने गर्दछन् ।

जैविकिय आवश्यकता मात्र पुरा गर्ने नभएर यो मृत्यु पछि मोक्ष प्राप्त गर्ने मोक्ष प्राप्ती गर्ने साधन पनि हो (सुबेदी,२०५६) । यस्तै आशय र मान्यताहरूलाई हिन्दु समाजमा स्वीकार गरि त्यसै अनुरुप विवाह सम्बन्धलाई स्थापित गर्ने चलन छ ।

मनुस्मृतिमा विवाह धार्मिक संस्कार हो जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ, भनिएको छ । विवाहबाट पति पत्नी विच प्राण प्रणको स्थायी बन्धनकारी पवित्र सम्बन्ध हुन्छ, जुन सम्बन्ध मृत्युपर्यन्त निरन्तर रहिरहन्छ भन्ने मान्यता त्यहाँ पाउन सकिन्छ । विवाहले यस लोकको रक्षा र निरन्तरताको साथै परलोकको प्राप्ति पनि गर्दछ (भृगु, २०१३) ।

विश्वका सबैभन्दा धेरै मानिसहरूले अवलम्बन गर्ने क्रिश्चियन धर्ममा विवाहलाई करारको रुपमा लिइएको छ (सुवेदी, २०५६) ।

यसरी विवाह भनेको के हो ? विवाहलाई विभिन्न समाज र समुदायमा कसरी अङ्गीकार गरिन्छ भन्नेबारेमा केही उक्ती र उदाहरण प्रस्तुत गरियो । नेपाली समाजमा विभिन्न धर्म

र सम्प्रदायहरू समेतको बसोबास र समाज रहेता पनि अधिकांश मानिसहरू हिन्दु बाहुल्य संस्कृति र संस्कारहरूलाई पछ्याउने गर्दछन् । अतएव नेपाली समाजका धेरैजसो ठाउँमा हिन्दु संस्कृतिमा आधारित विवाह प्रणलीको बाक्लो उपस्थिती हुने गरेको देखिन्छ । विवाह संस्थालाई हिन्दु परम्पराअनुसार स्वीकारिने प्रचलन रहेता पनि जोडी छनोटका तरिका भने अलग-अलग जस्ता देखिन्छन् । जसमध्ये हिन्दु धर्मलाई पछ्याउने ब्राह्मण तथा क्षेत्री समुदाय र मगर समुदायमा प्रचलित जोडी छनोट प्रकृया अलग अलग हुन्छन् । तथापी हिन्दु समाजमा एकै प्रकारका मान्यता भित्र रहेर विवाहका जोडी छनोट गर्ने विविध प्रचलनहरूले निरन्तरता पाउँदै आएका छन् । हंसराज (१९९२) ले हिन्दु समाजमा जीवन संगीको छनोट आठ किसिमबाट हुन्छ भनेका छन् ।

१. मागी विवाह

२. प्रेम विवाह

३. परीक्षणात्मक विवाह

४. जबरजस्ती भगाएर लैजाने विवाह

५. बलजफ्ती गर्ने विवाह

६. क्षतिपुर्ति तिरेर गर्ने विवाह

७. साटासाट विवाह

८. भागी विवाह

लक्ष्मीकान्त पन्थी को “ब्रतबन्ध र विवाह संस्कार” (२०४२) मा विवाह वा जोडी छनोटका अन्य रुपहरूलाई यसरी उल्लेख गरिएको छ ।

१. सट्टा विवाह-वर तथा कन्याको पिताले आ-आफ्नो छोरीसँग एक अर्काको छोराको विवाह गरिदिने विवाह जसलाई धर्मशास्त्रमा निषेध गरिए तापनि निर्धनताको कारणले समाजले यसलाई मान्यता दिएको छ ।

२. ल्याइते विवाह प्राचिन धर्मशास्त्रमा ल्याइते विवाहको उल्लेख नभए ता पनि कतै कतै निर्धनताको कारणले विवाह गर्न असमर्थ भएर अरले विवाह गरेको स्वास्नी मान्छेलाई अथवा विधवा परस्त्रीलाई आफ्नो साथमा ल्याउने चलनलाई ल्याइते विवाह भनिन्छ ।

यसरी ल्याएको परस्त्रीलाई जातीको दृष्टीले एक जाती तल राखेको पाइन्छ भने त्यसबाट जन्मेको सन्तानलाई तल्लो जातमा राखेको पाइन्छ ।

३. अदालती विवाह-यो विवाह विल्कुलै नयाँ प्रकारको विवाह हो । प्राचिन धर्मशास्त्रमा यस्तो प्रकारको विवाह बारे कतै उल्लेख भएको पाइँदैन । तर आधुनिक समाजमा बर्तमानमा कानुन बमोजिम अदालतमा दर्ता गरेर साक्षी राखी अति आधुनिक सभ्यताबाट प्रभावित वर बधुले परम्परामा निश्चय गरेर यस्तो विवाह गर्ने गरेको पाईन्छ ।

यी तिन विवाहको उल्लेख गर्नुको साथै अनुलोम विवाह,प्रतिलाम विवाह, सगोत्र विवाह, सपिण्ड विवाहलाई विवाहको सीमा अन्तर्गत राखेका छन् (पन्थी २०४२) ।

हिन्दु शास्त्र र धर्म अनुसार विवाहलाई धार्मिक संस्कारको रुपमा लिइन्छ । अतः विवाहित जोडीको संसार देखी परलोक सम्म सम्बन्ध अटुट रहिरहन्छ भन्ने मान्यता हिन्दु समुदायमा रहेको देखिन्छ ।

## २.२ विवाहका जोडी छनोट प्रणलीमा परिवर्तन ल्याउने कारक तत्वहरू

वि.सं. २००७ सालमा राणा शासनको अन्त्य सँगै नेपालमा सञ्चालित विकासात्मक क्रियाक्लापमा विशेष गरी पश्चिमा देशहरूको योगदान मुख्य रुपमा रहेको देखिन्छ । जसले जनसंख्या बृद्धिलाई क मगर्न हो् वा नेपालमा सञ्चालित सूचना प्रविधि, शिक्षा कार्यक्रमले महिला शिक्षामा बृद्धीसँगै ढिलो विवाह गर्ने चलनलाई बढाउन मद्दत गरेको छ । भारतिय तथा पश्चिमा देशहरूबाट भित्रिएको सांस्कृतिक पाटो गित, नाटक तथा फिल्मको प्रभाव तथा पाठ्यपुस्तक र रेडीयो आदिले नेपाली जनजिवन पद्धतीमा प्रभाव पारेको देखिन्छ (जुलिए र घिमिरे लगायत, २००६) ।

नेपालमा हिन्दु धर्म मात्रै मानिदैन त्यहाँ विभिन्न जातजातिहरू रहेका छन् र तिनीहरूका आ-आफ्नै मुल्य र मान्यताहरू छन् । हिन्दु धर्म नमान्नेहरूले हिन्दु मान्ने भन्दा बढी उमेरमा पनि विवाह गर्दछन् । त्यस्तै तिनीहरूले छोराछोरीको विवाहमा कुनै प्रकारको हस्तक्षेप गर्दैनन् । मामाचेली, फुपुचेला, बहुपति विवाह तथा आफ्नो इच्छामा सानै

उमेरमा पनि विवाह गर्न सक्छन् । तिनीहरूमा विधवा विवाह र सम्बन्ध विच्छेदमा कुनै रोकटोक छैन । यसको प्रभाव विवाहमा परेको छ भने हिन्दुहरूको प्रभाव अन्य समुदायहरूको विवाहमा परेको छ ।

आर्थिक, सामाजिक र राजनैतिक अवस्था एकआपसमा अन्योन्याश्रित छन् । यिनीहरू स्थिर नभई परिवर्तनशील हुन्छन् । एकपक्षमा आएको अन्तरविरोध र परिवर्तनले स्वभाविक रुपमा अर्को पक्षमा परिवर्तन आउँछ व ल्याउँछ । छोराहरू पैतृक स्वामित्वका उत्पादन साधनबाट विमुख हुँदै स्वतन्त्र व्यैक्तिक रुपमा आँफै कमाउने भैसकेका छन् भने आफ्नो जग्गामा काम गर्ने होइन, भिन्नै पेसा गर्दछन् । पुँजिबादको बढ्दो दबदबा र बदलिँदो विश्व परिवेश तथा विश्व व्यवस्थात्मक प्रणालीमा आएको परिवर्तन सँगै मान्छेहरूमा थपीएका नयाँ जटीलता र जिविको पार्जन तथा सुरक्षित कामको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा बसाइ सरी जाने विवशता छ । यसै नेरोफेरोमा हेर्दा अहिले नेपालका अधिकांश मान्छेहरू एन.आर.एन बन्दै विश्वका विभिन्न मुलुकमा छरीएका छन् । यसरी विश्वका जुनसुकै देश र ठाउँमा पुगेर संघर्ष गर्नु पर्ने भएपछि आफ्नो जीवन साथी काम र आफ्नो दैनिकी सुहाउँदो होस् भन्ने चाहना सम्पुर्ण युवा युवतीमा हुने नै भयो । सोही अनुसार युवायुवतीहरू आफनो उपयुक्त जोडी छान्ने गर्दछन् । यसरी सुरक्षित भविष्यका लागी बाहिरीएका युवा युवतीहरूले गरेका जोडी छनोटका उदाहरणहरू रैथाने युवायुवतीहरूको चाहना र खाँचो दुवै बनेर उपस्थित हुन्छन् । यसबेला बुहारीको चयनमा सासु ससुराको बोलवाला रहने संस्कृति अवैधानिक बन्दै जान्छ । बाबु आमाले संगालेका जग्गा वा अन्य स्रोतबाट जीवनयापन नगरेर अर्कै बाटो लिएपछि बाबुआमा माथिको निर्भरता त घट्ने नै भयो (मिश्र, २०६५) ।

कुनै पनि सामाजिक व्यवस्था स्थिर हुँदैन त्यो परिवर्तनशिल हुन्छ । सबैखाले संरचना र मान्यता आन्तरिक एवं बाह्य अन्तरविरोधका कारण भत्कीदै जान्छन् । यसकारण नेपाली समाजमा पनि सबै खाले परम्परा क्षीण बन्ने क्रममा छन् भन्न सकिन्छ ।

शिक्षा र सूचनाले पुराना मुल्य मान्यताहरूमा क्रमिक रुपले परिवर्तन ल्याउँदै छ । लोकतान्त्रीक, दलीत, लैङ्गिक, जनजाती र क्षेत्रीय आन्दोलनहरूले सबै पुराना परम्परा र मान्यताहरूलाई सुधार गरी जानुपर्ने स्थिती खडा गरेको छ भन्न सकिन्छ ।

निष्कर्षमा पुँजीबादको दबदबाले बढाएको प्रतिष्पर्धा र फेरिदो विश्व व्यवस्थात्मक परिस्थितिले मान्छेहरूलाई परिवर्तन नभइ नहुने अवस्था सृजना गरिदिएको छ । दैनिकी व्यवस्थीत गरी जीविको पार्जनलाई सुरक्षीत गर्न सबै पुराना मान्यताहरू कामयावी हुन सकेका छैनन् । त्यसकारण मान्छेहरूलाई पुराना मान्यता वा दृष्टिकोणहरूमा भर परेर मात्र जटीलता समाधान गर्न मुस्कील छ । यसकारण मान्छेहरू नियमित रुपमा आफ्ना व्यवहार परिवर्तन गर्नै पर्ने विवशतामा छन् । यस बाहेक इन्टरनेट, टेलीफोन, सामाजिक सञ्जाल आदी जस्ता उन्नत प्रविधिहरूको सुगमताले पनि मान्छेलाई सुविधा उपभोग गर्दै आधुनिक जीवन जीउन दबाब र आकर्षित दुवै गराउँदै आएको छ । विवाहका जोडी छनोट प्रणलीमा परिवर्तन ल्याउन पनि यिनै कारक तत्वहरूले भुमिका खेलेका छन् भन्नमा कुनै अत्युक्ति देखिदैन भन्ने निचोड निस्कन्छ ।

## २.३ पुर्व अध्ययनको समिक्षा

नेपाल विभिन्न जाती र जनजातीहरूको बसोबास भएको मुलुक हो । यी जाती तथा जनजातीहरूको बारेमा हालसम्म थुप्रै अध्ययन तथा अनुसन्धानहरू भएको कुरा विभिन्न पुस्तक तथा विश्व विद्यालयहरूमा भएका संग्रहबाट थाहा लाग्छ । यसरी अध्ययन गर्ने देशी तथा विदेशी अध्यताहरू भएको कुरा हामी सामु छ । विवाह र विवाह संस्कार तथा विवाहका जोडी छनोट सम्बन्धमा पनि धेरै अध्ययनहरू भएको कुरा थाहा लाग्छ । तथापी विवाहका जोडी छनोटमा आएको परिवर्तन लाई लिएर निकै कम मात्र अध्ययन अनुसन्धानहरू भएका छन् भन्न सकिन्छ ।

समाजशास्त्री चैतन्य मिश्रले आफ्नो पुस्तक बदलिंदो नेपाली समाज (२०६५) मा विवाह र विवाहका जोडी छनोट सन्दर्भमा पुँजीबादलाई एउटा कारण मान्दै भनेका छन् । "पुँजीबाद सँगै समाजको बदलिंदो परिवेशमा नेपाली समाजमा पनि विवाह गर्ने परम्परागत शैलीमा व्यापक परिवर्तन आएको छ ।" उनका अनुसार काम र जिविको पार्जनलाई सुरक्षित गर्न मान्छेहरू स्थान परिवर्तन सँगै नयाँ संस्कार र मान्यतालाई स्वीकार गर्न विवश र लालायित दुवै हुन्छन् । भनीकन उनले आफ्नो भनाईलाई प्रष्ट पारेका छन् ।

वरिष्ठ समाजशास्त्री विष्ट, डोरबहादुरले "सबै जातका फुलबारी" (२०३०) भन्ने पुस्तकमा जातीय प्रणलीमा आधारीत मान्यताहरूलाई प्रस्तुत गरेका छन् । उनले नेपालमा बसोबास गर्ने विभिन्न जाती तथा जनजातीहरूको उद्गम स्थल, भाषा, रहनसहन, संस्कार आदीको बारेमा विस्तृत रुपमा वर्णन गरेका छन् । त्यसै गरी बाहुन, क्षेत्री समुदायको उद्गमस्थल र उनीहरूको परिवार, विवाह पद्दतीको बारेमा समेत पुस्तकमा वर्णन गरेका छन् । साथै उनले प्रेम विवाह, मागी विवाहको बारेमा पनि प्रकाश पारेका छन् । त्यसै अनुरुप बाहुन क्षेत्री समुदायहरूको भाषा सामाजिक संस्कार मुल्य मान्यता र धार्मिक क्रियाक्लाप, व्यवसाय आदिका बारेमा पनि विस्तृत रुपमा वर्णन गरेका छन् (विष्ट, २०३०) ।

प्रेम खत्री र पेशल दाहालले "झाँगड जातिको पारिवारिक तथा सामाजिक अध्ययन" (२०५३) विषयको अनुसन्धानात्मक प्रतिवेदनमा प्राचिनकालमा समाजमा पारिवारिक ढाँचा संयुक्त परिवारको थियो । र त्यस समाजमा परिवारको संगठन स्वरुपमा त्यस समुदायको आफ्नै छुट्टै पहिचान रहेको थियो । समाजका प्रत्येक सदस्यहरूले आफ्नो परिवार मार्फत समाजका मुल्य मान्यता चालचलन र व्यवहारलाई सिकेर सोही अनुरुप व्यवहार गर्दथे । समाजद्वारा सत्य व्यवहार अनुसारको क्रियाक्लाप मात्र व्यक्तिले गरोस भनेर समाजमा सामाजिक नियन्त्रणको व्यवस्था भएको हुन्छ । यिनै कारणहरूले गर्दा आफ्नो समुदायबाट व्यक्ति अलग हुन सक्दैनन् (खत्री र दाहाल, २०५३) ।

कुनै खास समाज र समुदायमा स्थापीत वैवाहिक पद्दती (जोडी छनोट प्रणली पनि यसै सँग जोडीएर आउँछ) स्थिर नभएर परिवर्तित छन् भने कुनैले आफ्नो बैधता गुमाउने प्रकृयामा छन् । नेपाली समाजमा प्रचलीत विवाहको जोडी छनोट पद्दती मध्ये मागी विवाह अर्थात मागेर जोडीको छनोट गर्ने पद्दती प्रमुख हो । जसलाई परिवार र नजिकका नातागोताद्वारा रचित र संरक्षित भन्दै अर्को विवाहका जोडी छनोट पद्दती केटा र केटीको इच्छा अनुसार हुने बताइएको छ । नेपालमा प्रचलीत अन्य विवाहका जोडी छनोट पद्दतीहरू जारी विवाह, विधवा विदुर, बाल विवाह, एकल विवाह, क्रमबद्ध एकल विवाह आदी मध्येका जोडी छनोट प्रकृयालाई मागी वा प्रेम विवाह अन्तर्गतका जोडी छनोट प्रकृयामा राखेर बुझ्ने गरिनछ । यसमा मागेर गरिने जोडी छनोटलाई सामन्तबादी उत्पादन सम्बन्ध भित्र कायम हुने परम्पराको रुपमा चित्रण गरिएको छ । सामन्तबादी

उतपादन सम्बन्धमा हुने मागेर जोडीको छनोट गरिने प्रणालीमा स्वआर्जनमा नभई पुर्ख्यौली आर्थिक सम्पत्ती, पुर्ख्यौली राजनैतिक सम्पत्ती र पुर्ख्यौली सामाजिक प्रतिष्ठाको आधारमा आफ्नो आर्थिक, राजनैतिक र सामाजिक हैसियत तय हुने परिपार्टी भित्र बेहुलाले आँफै बेहुली छनोट गर्न नपाउनुलाई स्वभाविक मानिएको छ । बराबरी हैसियत, कुलिनता, राजनैतिक शक्ति, सामाजिक प्रतिष्ठाको आर्जन र यी सबैको दिगोपनाको लागी नै सबैजसो सामनतहरूले पर्खालभित्र मात्रै आफ्नो सन्तानको लागी उपयुक्त जोडी छनोट तथा विवाहको तय गर्ने गर्दछन् । यस्ता जोडी छनोट प्रकृया अभिभावकहरूले तय गर्दथे र यस प्रणालीबाट जोडीको छनोट गरी विवाह गरेका जोडीबाट उत्पत्ती भएका सन्तानलाई मात्र पुर्ख्यौली आर्थिक, राजनैतिक र साँस्कृतिक अधिकार प्राप्त हुन्थ्यो । नेपालको राणा खानदानमा ल्याइते र व्याइतेको आधारमा सन्तानहरूमा वर्ग विभाजन हुँदा द्वन्द चलेका प्रशस्त दृष्टान्तहरू हामी सामु सुरक्षित छन् ।

पुँजीवाद र विवाह तथा विवाहका जोडी छनोट प्रणली विचको अन्तरसम्बन्धलाई जोड्दै यस्तो संरचना र प्रकृया अन्तरगत स्वतन्त्र व्यक्तिको सृजना हुने जसले घरपरिवार, स्थानीय नातेदार, मित्रजन, कुल कुटुम्ब, स्थापित मुल्य मान्यता, रिती रिवाजबाट स्वतन्त्र भयो । यस्तो परिवर्तनकारी आर्थिक, राजनैतिक र साँस्कृतिक विशिष्टता अँगाल्न थालेको समाजमा अभिभावक प्रधान मागेर जोडीको छनोट अर्थात विवाह प्रणली स्वत : अवैध बन्ने क्रममा पुग्यो । विवाह अगाडी नै शिक्षा र रोजगारीको खोजिमा घर परिवारबाट टाढा रहनु पर्ने, विवाह गरेपछि पनि बाबु आमाको घरमा नबस्ने तथा उनिहरूको नियन्त्रणमा नरहने, नातागोता र पारिवारिक इष्ट मित्र, छिमेकीबाट टाढा रहनु पर्ने, जीवन यापनको स्रोत गैर पारिवारिक आर्जनलाई मान्नुपर्ने सामाजिक संरचनामा मागी विवाहको बैधता क्षिण हुँदै गएको छ । यस्तो स्थितीमा प्रेम विवाह वा आँफुले प्रेम गरेर छनोट गरेको जोडीलाई नै विवाह गर्ने नयाँ पद्दती शुरु भएको कुरा उल्लेख गरिएको छ । यसरी सामन्तबादी अर्थराजनितिको वैवाहिक पाटो मागी विवाह बने झैं पुँजीबादले डोऱ्याउने र निर्देशित गर्ने पुँजीबादी अर्थराजनीतीको बैबाहिक पाटो प्रेम विवाह बन्न गएको छ (मिश्र, २०६५) ।

प्रसिद्ध नारीबादी लेखिका लिन वेनेटले नेपालको राजधानी नजिकैको नगरकोटमा बसोबास गर्ने उच्च ब्राह्मण क्षेत्री परिवारका विविध पक्षलाई आँपुले प्रत्यक्ष अनुभव गरेर लेखेको अनुसन्धनात्मक पुस्तक डेन्जरस वाइभ्स एण्ड स्केर्ड सिस्टर (१९८३) मा ब्राह्मण क्षेत्री विवाह पद्दतीलाई विशेष ध्यान दिएर विश्लेषण गरेकी छिन् । उक्त पुस्तकमा विवाहलाई मानिसको जीवनमा गर्नु पर्ने महत्वपुर्ण संस्कारको रुपमा वर्णन गरिएको छ । ब्राह्मण क्षेत्री समुहमा केटा मानिसको ब्रत बन्ध पछि र महिलाको विवाह पश्चात मात्र सामाजिक, आर्थिक उत्तरदायित्व बढ्ने गर्दछ । विवाहलाई दुई परिवार जोड्ने र नातेदारको सिर्जना गर्ने माध्यमको रुपमा लिइएको छ । ब्राह्मण क्षेत्री समुदायमा हुने विवाहका मुख्य रुपहरू ल्याइते विवाह (विधि विधधान नपुऱ्याई गरिने विवाह) र ब्याइते विवाह (विधि सम्वत गरिने विवाह) हुन् । नगरकोटका ब्राह्मण, क्षेत्री समुहमा मागेर गर्ने मागी विवाह केटा र केटीको भन्दा पनि उनिहरूको अभिभावकहरूको सक्रियता बढि रहन्छ । मागी विवाहमा हुने केटा केटी हेर्ने, कामकुरो छिन्ने, स्वयंवर गर्ने, पुर्वाङ्ग गर्ने, जग्गे हाल्ने, जन्ती पर्सने आदी जस्ता संस्कारहरूको लेखिकाले यहाँ उल्लेख गरेकी छिन् । समग्रमा हेर्दा विवाह संस्कारका अन्य पाटालाई विर्सेर ब्राह्मण क्षेत्री समुदायमा आफ्ना सन्ततीलाई मागेर विवाहका जोडी छनोट गर्ने प्रचलन रहेको कुरा यो पुस्तकबाट थाहा लाग्छ (बेनेट, १९८३) ।

ऋषिकेशव राज रेग्मीद्वारा लिखित डाइमेन्सन अफ नेपाली सोसाइटी एण्ड कल्चर (१९९९) भन्ने पुस्तकमा नेपाली समाजमा प्रचलित विभिन्न संस्कृतिहरूलाई विश्लेषण गरिएको छ । ब्राह्मण, क्षेत्री समुहको परिचय खण्डमा नेपालमा यी दुई जातको जनसंख्या अधिक रहेको, नेपालको आधुनिक स्थिती निर्माणमा निर्णयक भुमिका रहेको र यिनीहरूका सम्पुर्ण साँस्कृतिक गतिविधिहरू हिन्दु धर्मशास्त्रबाट निर्देशित रहेको उल्लेख गरिएको छ । विवाह एउटा मुख्य सर्वव्यापक संस्था रुपमा लिँदै यसलाई यौन क्रियाक्लापको नियन्त्रण गर्ने, पितृ मोक्षको लागी पितृ ऋण तिर्न सन्तान उत्पादन गर्ने, श्रीमान श्रीमतीलाई धार्मिक क्रियाक्लाप गर्ने माध्यमको रुपमा लिइएको कुरालाई प्रा.रेग्मीले उल्लेख गरेका छन् । तर बदलिँदो परिवेश सँगै पुराना मान्याताहरूले दैनिकी धान्न धौ-धौ पर्न थाले पछि मान्छेहरूले बिकल्प खोज्न थालेको कुरा बुझिन्छ ।

नेपालीहरूको विवाह गर्न रुचाउने उमेर बृद्धि भएको, अन्तरजातिय विवाह र विवाह विच्छेदका घटनामा बृद्धि भएको तथा बहुविवाह गर्ने चलनलाई कानुन द्वारा निरुत्साहित गर्दै लगिएको कुरा त्यहाँ उल्लेख छ । यसरी विवाह पद्तीमा परिवर्तन ल्याउन मुख्य भुमिका खेल्ने कारक तत्वहरूमा पुस्तागत स्थिती, शिक्षाको प्रभाव बढ्दै जानु, सञ्चार माध्यमको प्रभाव र शहरीकरण तथा आधुनिकीकरण जस्ता कारक तत्वहरूले विवाह र विवाहका जोडी छनोट प्रकृयामा मान्छेहरूको सोचाईमा बदलाब आएको आशय उक्त अध्ययनमा अनुभुति गर्न सकिन्छ ।

विश्वका विभिन्न ठाउँहरूमा तथा विभिन्न जाती अनुरुपको विवाह र विवाहका जोडी छनोटका अनेक रुपहरू पाइन्छन् । विवाह र विवाहका जोडी छनोट सम्बन्धमा चर्चा गर्ने हो भने प्रापुर्व काल देखि यसका विभिन्न रुपहरू विकसित भैरहेको देख्न सकिन्छ । तत्कालिन समयमा थुप्रै किसिमका विवाह र विवाहका जोडी छनोट प्रणलीहरू प्रचलित रहेको भएता पनि हाल आएर ति सबै मान्यताहरू प्रयाप्त नहुनुका साथै तिनलाई परिवर्तित गर्दै अनुसरण गर्ने प्रकृया निरन्तर रहेको बुझ्न सकिन्छ ।

हिन्दु धर्मशास्त्रका अनुसार आठ किसिमका विवाहका रुपहरू उल्लेख भएको पाईन्छ । (पन्त, २०४२)

१. ब्राह्म-बावु आमाले एउटा असल पढे लेखेको वर खोजी आफ्नो छोरीलाई उपहारको रुपमा सुम्पनु ।

२. दैव-एउटा सुपात्र ब्राह्मणलाई दक्षिणाको रुपमा छोरी दिनु ।

३. आर्ष-विवाह गर्ने केटाले विवाह गर्नु पुर्व केटीको बावुलाई उपहारको रुपमा गाई गोरुहरू प्रदान गरी गर्ने विवाह

४. प्रजापत्य-धार्मिक विधि अनुसार दुवैलाई एकैसाथ जीवन व्यतित गर्न सल्लाह दिएर बावुले छोरीको विवाह गरिदिनु ।

५. गान्धर्व-केटाकेटी दुवै आपसमा मिलेर प्रेम गर्ने र आँफै भागेर विवाह गर्नु ।

६. आसुर-यो एक किसिमको केटी अपहरण गर्नु हो ।

७. राक्षस-जर्वजस्ती विवाह गर्नु बलजफत लैजानु ।

८. पैचास-प्रलोभन देखाएर जर्वजस्ती आइमाइको धर्मनाश गरी विवाह गर्नु अथवा सुतेको वखतमा नारीको अस्मिता लुटी प्रतिबादका बीच विवाह गर्नु

मनुले यसालाई दुई समुहमा विभाजन गरेको पाइन्छ । (भृगु, २०१३ सन् :५)

१. धर्म विवाह-ब्राह्म दैव प्रजापतय र आर्ष

२. अधार्मिक विवाह-गन्धर्व, राक्षस, आसुर र पैचास

उपर्युक्त कुराहरू बाट हिन्दु धर्मशास्त्रमा आठ किसिमको विवाह प्रणालीबारे उल्लेख गरिएको भएता पनि ब्राह्म, दैव आर्ष तथा प्रजापत्यलाई मात्र तत्कालीन समाजले स्वीकृति प्रदान गरेको पाइन्छ । साथै विवाह पद्दतीका सोही आधारमा विवाहका जोडी छनोट प्रकृया पनि जोडीएर आउने कुरालाई बुझ्न सकिन्छ ।

यसरी विवाह र विवाहका जोडी छनोट सम्बन्धमा विभिन्न विद्धान, मानव शास्त्री/ समाजशास्त्रीहरूका मत अभिमतलाई हेर्दा विवाह संस्था र विवाहका जोडी छनोट प्रकृयालाई मानव समाजको सबभन्दा धेरै प्रचलीत परम्पराका र संस्कार हो भन्ने बुझिन्छ । साथै यो मानवको उत्पत्ती देखी भन्दा पनि समयको आवश्यकताले प्रचलनमा आएको प्रकृया नै हो भनेर समेत अनुमान लगाउन सकिन्छ । आफ्नो जैविक एवं प्राकृतिक आवश्यकतालाई परिपुर्ति गर्न विकास गरिएको विवाह संस्था र त्यसको प्रस्थान विन्दु विवाहका लागि उपयुक्त जोडीको छनोट प्रत्येक समाजमा एकै किसिमको नभई फरक फरक किसिमले हुँदै आएको देखिन्छ । प्रत्येक सामाजिक मान्यताहरूको विकास क्रममा धेरै किसिमका परिवर्तनहरू देखा पर्दछन् । परिवर्तनको यो शास्वत नियमबाट विवाह संस्था अलग रहन सकेको छैन र नेपाली समाज बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक भएकाले यहाँ विभिन्न किसिमका विवाह पद्धती र संस्कारहरू प्रचलनमा रहेका छन् । नेपालका प्रत्येक जाती र समुदायमा प्रचलीत विवाह संस्कारहरूमा आ-आफ्नै मौलिकपना रहेको पाइन्छ (शर्मा, २०६८: १) भनिकन उल्लेख भएको भएता पनि पछिल्लो समयमा नेपाली समाजमा विवाहका सन्दर्भमा धेरै ठाउँमा एकरुपता पाउन सकिन्छ ।

विवाह गर्ने परम्परा वा संस्कारमा आ-आफ्नै मौलिकता हुने भएता पनि विवाहका जोडी छनोट प्रकृयामा भने प्रायजसो सबै समुदायमा र विशेष गरि युवा पिँढीमा आफ्नो जोडीको छनोट आवश्यकता अनुसार आँफ्नै रुचीका आधारमा गर्ने गरेका प्रशस्त दृष्टान्तहरू समाजमा रहेका छन् । अभिभावकको रुची वा परम्परागत मान्यताको दायरा भित्र रहेर जोडीको छनोट गर्नै पर्ने बाध्यतामा आजको पुस्ता नरहेको अध्ययनहरूले देखाउँछन् । यसो हुनुमा प्रमुख त शिक्षा, चेतना, सूचना र प्रयाप्त ज्ञानको दायरा फराकिलो हुनु त छँदैछ त्यस बाहेक पनि टेलीफोनको व्यापक विकास र पहुँच तथा सामाजिक सञ्जालहरूको व्यापक उपलब्धता समेतले विवाहका जोडी छनोट प्रणालीमा परिवर्तन ल्याउन व्यापक रुपमा सहयोगी भुमिका खेलेका छन् भन्न सकिन्छ । तिनै सन्दर्भहरूलाई पुष्टि गर्न यो अध्ययन प्रकृयालाई अगाडी बढाइएको हो ।

## २.४ अवधाराणत्मक सैद्धान्तिक खाका

मानिसले परापुर्व कालदेखी नै यौन क्रियाक्लापलाई नियमित र मर्यादित तरिकाले सम्पन्न गर्नको लागि विभिन्न मुल्य र मान्यताहरूको विकास गर्ने क्रममा विवाह संस्थाको उत्पत्ति भएको मानिन्छ भने त्यसको साथ साथमा विवाह गर्ने जोडी छनोटको प्रणाली पनि विकसित हुँदै आएको देखिन्छ । शुरुआतमा यौन क्रियाक्लापलाई व्यवस्थीत गर्ने गरि विकसित भएको विवाह संस्था र विवाह सम्पन्न गर्ने प्रमुख सरोकारवाला दुलहा र दुलही छान्ने प्रणाली समुह विवाह,बहुपति विवाह, बहुपत्नी विवाह हुँदै आधुनिक स्व-इच्छाले गरिने विवाह र विवाहका जोडी छनोटको चरणमा रुपान्तरीत भएको छ । विश्वका विभिन्न समाजहरूमा जोडी छनोट गर्ने तौर तरिकाहरू आ-आफ्नै छन् । पुँजीबादको दबदबा सहितको विश्व व्यवस्थात्मक वर्तमान अवस्थामा मान्छेले आफ्नो स्वतन्त्रताको भरपुर वकालत र उपयोग गर्न रुचाउँछन् । नेपाली समाजमा पनि यसको प्रभाव परेकै छ । आफ्नो अनुकुलको सहयात्री नभेट्दा सम्म जस्तो मा पनि सम्झौता गर्ने गर्दैनन् । सुझबुझ र आफ्नो दैनिकी तथा पेशा व्यवसाय सँग सम्बन्धित सदस्य छान्ने मान्छेहरूको स्वभाव र व्यवहारको राम्रै विकास भएको छ । नेपाली समाजमा विवाहको जोडी छनोट गर्ने तरिका वा प्रणाली पहिलेको जस्तो दबाब पुर्ण वा अपरिपक्व नभएर

स्वतन्त्र र परिपक्व हुँदै गएको देखिन्छ । (स्रोत : गौतम, टिकाराम द्धारा लिखित सामाजिक संस्था र प्रकृयाको विश्लेषण नामक पुस्तकमा उल्लेख भए अनुसारको हो ।)

नेपाली समाज विश्वका अन्य देश वा समाज जस्तै परिवर्तन हुने क्रममा हाल सामन्तबादी अवस्थाबाट पुँजीवादी अवस्थामा प्रवेश गर्न लागेको संक्रमणकालिन अवस्थाबाट गुज्रिरहेको छ । समाजमा स्थापित पुराना मान्यताहरू र कामका दायराहरूले मान्छेहरूका दैनिकी धान्न र जिवीको पार्जन गर्न निकै कठिन छ । जन्म देखि मृत्यु सम्म विधिवत रुपमा सम्पन्न गर्नुपर्ने धेरै संस्था र संस्कारहरूले नयाँ परिवेशलाई धान्न सकेका छैनन् । तत्कालिन समाजको उत्पादन सम्बन्धलाई नियमित गर्न उब्जीएका पुराना संस्था वा मान्यताहरूले नयाँ समाज र परिवर्तित उत्पादन सम्बन्धमा ति कामयावी हुन सकेका छैनन् । अघिल्लो समाज कृषि र पशुपालन गरी जीविको पार्जन गरिने समय थियो । त्यसबेला त्यस्तै मनो विज्ञान र व्यवहार मिल्ने बर बधुको कल्पना हुन्थ्यो अनि त्यसको परिपुर्ति गर्न पनि उस्तै तरिकाले गरिन्थ्यो । वर्तमानमा विकसित हुँदै गएका उद्योग व्यापारका क्षेत्र तथा बैदेशिक रोजगारका आयामहरूले मान्छेका रुची, स्वभाव र व्यवहारमा परिवर्तन ल्याएको छ । त्यस्तै यसरी बदलीएको परिवेशमा मान्छेहरूलाई जीवन धान्नै पर्ने चुनौती पनि थपीएको छ । यसकारण मान्छेहरू आफ्नो रुची र व्यवहारलाई परम्परागत तरिकाले नै धानिरहनु पर्छ भनेर मान्न सक्ने अवस्थामा छैनन् ।

बदलिँदो राजनैतिक संस्कार र आर्थिक सम्बन्धहरूका कारण नेपाली समाज विस्तारै नयाँ गन्तब्य तिर लम्किरहेको छ । विभिन्न मुलुकहरूमा अध्ययन र रोजगारी गरेर फर्कने नेपाली हरूको सिप र अनुभव सँग सँगै विविध सांस्कृतिक पक्षहरूको आगमन पनि नेपाली समाजमा भैरहेको छ । त्यसका साथै उद्योग व्यापार र बजारको विस्तार सँगै आम्दानी र चुनौती दुवै बढेका छन् । यस परिवेशमा आँफुलाई उभ्याउन कठिन संघर्ष गर्नुपर्ने मान्छेहरूको बाध्यता छ । पुरानो सामन्तबादी समाज व्यवसथाले स्थापना गरेका सामाजिक मान्यताहरूले नयाँ पुँजीबादी व्यवस्थात्मक प्रकृयामा अघि बढीरहेको नेपाली समाजको आवश्यकतालाई पुरा गर्न कठिन छ । यसकारण मान्छेहरूले धेरै पुराना मान्यताहरूलाई पछ्याउन असमर्थ छन् । विवाहका जोडी छनोट गर्ने प्रणलीमा परिवर्तन आउनुका पछाडी समाजको त्यही परिवर्तित स्वरुपले भुमिका खेलेको छ ।

अर्थविद तथा नेपाल सरकारका पुर्व अर्थ-सचीव रामेश्वरप्रसाद खनालले नेपाल साप्ताहिक २२, श्रावण २०६८ मा उदीयमान मध्यमवर्गले गरिबी निवारणमा योगदान पुऱ्याएको सन्दर्भ औल्याँउदै नेपाली समाजमा जीवन शैलीमा कसरी परिवर्तन आइरहेको छ भन्ने कुरालाई उदाहरणात्मक रुपमा प्रस्तुत गरेका छन् । उनका अनुसार तीन दशकअगाडी सरकारी जागिरका लागि सहर छिरेका युवकले आफ्नी पत्नीलाई जागिर खुवाउने वा कुनै व्यवसायमा लगाउने सोंच बनाउँदैन थिए । त्यो समय र त्यस भन्दा अगाडी ग्रामीण अर्धसहरी समाजमा छोरी-बुहारीलाई जागिरमा लगाउनु त्यती निको मानिंदैन थियो । रोजगार वा उद्यमका निमित्त होइन कि राम्रो ठाउँमा छोरीको विहे गराउनलाई पढाउने चलन थियो । राजधानी शहरमा पनि यो संकिर्ण मानसिकता हावी थियो । समयकालमा यसमा परिवर्तन भयो । अहिले मध्यमवर्गिय परिवारको बाहुल्य रहेका सहरी क्षेत्र र गाउँमा दम्पत्ती जागीरे वा एउटा जागिरे अर्को कुनै व्यवसाय समातेको परिवार बढी भेटीन्छ ।


अधिकांश परिवारमा त बुबा, छोरा र बुहारी तीन वा त्यस भन्दा बढी कुनै न कुनै आय आर्जनमा लागेका भेटिन्छन् । बाबु पैदल वा कार्यालयको गाडीमा कार्यालय जाने, छोरा आफ्नो गाडीमा नोकरीमा जाने र बुहारी स्कुटीमा कुनै बैंक वा विद्यालयको नोकरीका निमित्त आ-आफ्नो समयमा घरबाट निस्कने परिवारको संख्या काठमाण्डौमा जुन अनुपातमा भेटीन्छन्, त्यसभन्दा बढी अनुपातमा महेन्द्रनगर, धनगढी, बुटवल, पोखरा, इटहरी, धरान, विराटनगर र अरू जिल्ला सदरमुकामहरूमा भेटीन्छ । गैरसरकारी संस्थाहरू, सहकारी, बैंक शाखाहरू, निजी विद्यालयहरू, महाविद्यालयहरू, नर्सिङ होमहरू र अन्य सेवा व्यवसायको विस्तारले शिक्षित उनीहरू सीपवाला उद्यमीहरू खोजेर हिँड्दैनथे । सीपवाला उद्यमीहरू त्यसरी कर्जा पाइएला भनेर बैंक पनि छिर्दैनथे । परिकल्पनाकारले किन त्यस्तो परिकल्पना गऱ्यो, कसैले चर्चा गर्दैनथे । २०४२ सालयता वित्तिय उदारीकरण पछि सीमित सहरी क्षेत्रमा कर्जाको पहुँच परम्परागत सामन्ती-पुँजीपतिको घेराभन्दा बाहिर पनि गयो । तर, उपभोक्ता कर्जाको प्रवन्ध थिएन । वित्तिय क्षेत्र उदारीकरणको व्यापक प्रभाव भने २०५० सालदेखि मात्रै देखा पर्न थाल्यो । बैंक तथा वित्तिय संस्थाहरूको विस्तार र प्रतिष्पर्धाले नयाँ नयाँ कर्जा उपकरणहरू बजारमा

आए र उद्यमीहरूले आफ्नो उद्यमको सोंच व्यवहारमा रुपान्तरण गर्ने अवसर पाए । यसले नयाँ मध्यम वर्ग जन्मायो भन्ने तर्क खनालको छ । वास्तविकतामा पनि नेपाली समाजमा नयाँ मध्यम वर्गको जन्म र विकास हुँदै गरेको सूचक अन्य विभिन्न स्रोतहरूबाट पनि प्राप्त गर्न सकिन्छ । वर्गिय रुपमा आएको परिवर्तन सँगै मान्छेका जीवन शैलीमा पनि परिवर्तन आइरहेको कुरा माथी लेखकले प्रस्तुत गरेको तथ्यबाट पनि थाहा लाग्छ ।

नेपाली समाजको उपर्युक्त वास्तविकता भित्र पर्वत जिल्लाको जलजला गाउँ पालिका वडा नं.७, धाइरिङका समुदायहरूमा बदलिँदो परिवेश सँगै सामाजिक व्यवहारमा परिवर्तन आएको देख्न सकिन्छ । परिवर्तित व्यवहार मध्ये विवाहका जोडी छनोट गर्ने तरिका पनि एक हो । उक्त समुदायमा प्रचलीत विवाहका जोडी छनोट प्रणाली र यसलाई प्रभावित पार्ने तत्वहरूका बारेमा अध्ययन गरियो । जस अनुसार समुदायका बासिन्दाहरूले विवाहका जोडी छनोट पहिलाको समयमा कसरी गर्दथे र वर्तमानमा कसरी हुँदैछ भनेर निश्चित विषय बस्तुमा आधारीत रही जाँच गरिएको थियो । त्यस्ता अभ्यासमा आएका परिवर्तनहरू जलजला गाउँपालीका वडा नं.७ धाइरिङका समुदायमा प्रचलीत विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनको जनाउ हो भनेर ढुक्क हुन सकिन्छ । तथापी पुरानै मान्यता कायम हुनुपर्छ भन्ने एकाध आवाजहरू बाँकी रहेको भएता पनि आममा जोडी छनोट प्रणालीमा नयाँ सन्दर्भ स्वीकार्नेको संख्या प्रयाप्त देखियो । पहिले र अहिले प्रचलीत जोडी छनोट प्रकृया र तिनको निर्धारक तत्वहरूलाई तालिकामा प्रस्तुत गरिएको छ । त्यस्तै अध्ययन क्षेत्रको आधार मान्दा नेपाली समाजमा आएको विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन ढाँचालाई चित्रको माध्यमबाट समेत प्रष्ट पारिएको छ । यसबाट मान्छेहरूलाई जोडी छनोट प्रणालीमा परिवर्तन हुनको लागि बदलिँदो सामाजिक परिवेशले भुमिका खेल्दो रहेछ भनिकन बुझ्न सकिन्छ ।

## चित्र नं. २.१

## जलजला गाउँ पालिका वडा नं.७, धाइरिङ, पर्वतका समुदायमा विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनका कारक तत्वको ढाँचा



## तालिका नं. २.२

### जलजला-७, धाइरिङ पर्वतका समुदायमा प्रचलित परम्परागत जोडी छनोट प्रणाली र तिनलाई प्रभाव पार्ने तत्व तथा आधुनिक जोडी छनोट प्रणाली र तिनको निर्धारणको कारक तत्वहरू

| क.सं | जोडी छनोटका पुरातन मान्यता | निर्धारक तत्व | जोडी छनोटका आधुनिक मान्यता | निर्धारक तत्व |
|---|---|---|---|---|
| १ | बालबालिकामै गरिने जोडी छनोट | धार्मिक मान्यता | परिपक्व अवधिमा जोडीको छनोट हुन्छ । | चेतना |
| २ | झुक्याएर गरिने जोडी छनोट (सिंदुर हाल्ने) | असमानता | सुझबुझबाट जोडीको छनोट हुन्छ | महिला शसक्तीकरण |
| ३ | चोरेर जोडी छनोट | गरीबी | प्रेमपुर्ण व्यवहारबाट छनोट | आवश्यकता |
| ४ | वहु विवाह अर्थात एक व्यक्तिका धेरै जोडी | सामन्तबाद/ निसन्तान | एउटा मात्र जीवन साथीको छनोट । | बदलिँदो सामाजिक परिवेश |
| ५ | अनमेल जोडी छनोट | दुर्लभ संख्या | स्वनिर्णयले जोडी छनोट | सुगम संख्या |
| ६ | रखैल | उन्माद | सामाजिक मान्यता भित्रै बसेर | बलियो कानुन |
| ७ | निश्चित भुगोल भित्र | सुरक्षा | भुगोल बाहिर र विदेशमा पनि | काम/पेशाको सिलसिला |
| ८ | नाता सञ्जाल भित्र मात्रै छनोट हुन्थ्यो | अविश्वास | उपयुक्त लागे सञ्जाल बाहिर पनि छनोट हुने गरेको । | स्थान परिवर्तन सँगै पैदा भएको सामाजिक विश्वास |

# अध्याय तिन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनोट

विषय वस्तुका हिसाबले नेपाली समाजका धेरै ठाउँहरूमा पुगी अध्ययन अवलोकन गरी निचोड निकाल्नु पर्ने भएता पनि समय, खर्च र अन्य प्राविधिक हिसाबले सम्भव देखिएन । अतएव यस अध्ययनको लागि पर्वत जिल्लाको जलजला गाउँपालिका वडा नं.७ धाइरिङ गाउँ (साविकको गा.वि.स) लाई छानिएको छ । उत्पादन सम्बन्ध, आर्थिक उपार्जनका लागि विदेशिने तथा बसाइँ सरी अन्यत्र जाने जस्ता सम्पुर्णखालका नेपाली सामाजिक समस्या यस गाउँमा पनि दुरुस्तै छन् । अतएव अध्ययन क्षेत्रको छनोट उपयुक्त र उद्देश्यमूलक छ । यहाँका समुदायमा परम्परागत रुपमा विवाहका जोडी छनोट गर्ने तरिका र वर्तमानमा विवाहको जोडी छनोट गर्ने तरिकामा धेरै परिवर्तनहरू आएका छन् । हालसम्म यस विषयमा अध्ययन अनुसन्धान भएको नदेखिएकोले यसै ठाउँलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धान पद्धतिमा तुलनात्मक तथा विश्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । गुणात्मक तथ्यहरूमा आधारित रही विश्लेषणात्मक शैलीमा शोधपत्र तयार गरिएको छ । शोधपत्र तयार गरिने क्रममा प्रश्न वार्ता, अवलोकन र समुह केन्द्रीत छलफल विधिबाट तथ्याङ्क संकलन गरिएको छ ।

## ३.३ समग्र र नमुना

पर्वतको जलजला गाउँपालिका वडा नं.७, धाइरिङ (साविकको गा.वि.स) नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभागले सन २०१४ मा प्रकाशित गरेको तथ्याङ्क अनुसार त्यहाँको जम्मा जनसंख्या ३४६५ रहेको छ ।  करीब ८०० घरधुरी रहेको यस गाउँमा प्रत्येक घरमा पुग्न

नसकिएता पनि समुह केन्द्रीत छलफल र विभिन्न सरोकारवाला सँग मुख्य सूचनादाता अर्न्तवार्ताको माध्यमबाट गुणात्मक नतिजा प्राप्त गरिएको छ । जसमा १०० जना विवाहित जोडी सँग प्रत्येक्ष भेटेर अनुभव तथा विवाहका जोडी छनोट तरिका बारेमा कुरा गरिएको थियो भने विवाहका जोडी छनोट सँग सरोकार राख्ने लमी तथा विभिन्न जानकारहरू सँग समुह केन्द्रीत र व्यक्तिगत तवरबाट छलफल गरिएको थियो । अन्तरवार्ता र छलफलमा सहभागी मुख्य सूचनादाताहरूको छोटकरीमा नामावली क्रमश : अनुसुची १ र अनुसुची २ मा समावेश गरिएको छ । यसरी प्राप्त गरिएको सूचना तथा तथ्याङ्कहरूलाई क्रमशः तालिका चित्रमा प्रस्तुत गर्दै आवश्यकता अनुसार व्याख्या गरिएको छ ।

**तालिका ३.१: जलजला गाउँ पालिका वडा नं.७, धाइरिङ पर्वतमा बसोबास गर्ने समुदायको संख्या र पेशागत विवरण**

| विवरण | जम्मा संख्या | घरधुरी संख्या | पेशा/व्यवसाय | संलग्न घरधुरी |
|---|---|---|---|---|
| महिला | १८६४ | | कृषि र जग्गामा | ७८ |
| पुरुष | १५९२ | | कृषि,जग्गा,पशुपालन | ४९५ |
| **जम्मा संख्या** | **३४५६** | | कृषि,जग्गा,कुखुरा | ५ |
| ब्राह्मण | १६८८ | | कृषि,जग्गा,पशुपंक्षि | १११ |
| दलित | १०४६ | | पशुपालन मात्र | १४ |
| क्षेत्री | २२३ | | कुखुरापालन मात्र | २ |
| मगर | ३४९ | ८०० | पशुपंक्षी मात्र | ३ |
| ठकुरी | २५ | | केही पनि नभएका | ९२ |
| सन्यासी | ११२ | | भुमिहीन | १११ |
| अन्य | १३ | | गैह्र कृषि उत्पादन | ३ |
| **जम्मा** | **३७९२** | | व्यापार व्यवसाय | ३५ |
| | | | सेवा | ८ |
| | | | अन्य | २ |
| | | | **जम्मा** | **८००** |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, अक्सफाम-नेपाल*

तालिका ३.२ : जलजला ७ पर्वतमा जोडी छनोटको तरिका

| अभिभावकले गरेको निर्णय मान्ने | जोडीको मन मिलेर | अभिभावकको रोजाइमा मन मिले पछी | पुरातन मान्यताका आधारमा | परिवर्तित मान्यताका आधारमा |
|---|---|---|---|---|
| १० | ४० | ३० | १० | १० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७४*

तालिका ३.३ : जलजला ७ पर्वतमा छनोट सम्पन्न भएका विवाहका जोडी

| सट्टा विवाह जोडी छनोट | चोरी विवाह जोडी छनोट | मागी विवाह जोडी छनोट | प्रेम विवाह जोडी छनोट | अन्य |
|---|---|---|---|---|
| २० | ४ | ७० | ६ | |

*स्रोत : स्थलगत सर्वेक्षण २०७४*

तालिका ३.४: जलजला ७ पर्वतमा परम्परा र मान्यताका आधारमा छनोट भएका जोडीहरू

| अन्तरजातिय विवाहका जोडी छनोट | वाल विवाहका जोडी छनोट | अनमेल विवाहका जोडी छनोट | विधवा विवाह | सामान्य विवाह का जोडी छनोट |
|---|---|---|---|---|
| २० | २ | ० | १ | ७७ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७४*

तालिका ३.५: जलजला ७ पर्वतमा लमी, माध्यम वा सहयोगीका आधारमा छनोट भएका विवाहका जोडी

| लमीका माध्यमले छनोट भएका जोडी | जोडी स्वयंको निर्णयमा | नेट,फेसबुक,मोवाइल जस्ता प्रविधिको सहयोगमा छनोट भएका जोडी |
|---|---|---|
| ४० | ३० | ३० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७४*

तालिका ३.६ : जलजला ७ पर्वतमा जोडी छनोटमा दिइने प्रथामिकता

| काम र पेशा | परम्परा,संस्कार | सन्तानोत्पादन | करकाप | स्तर सुहाउँदो |
|---|---|---|---|---|
| ३० | १५ | १५ | १० | ३० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७४*

## ३.४ तथ्याङ्क संकलनका स्रोतहरू

अनुसन्धानको लागी मुख्य गरेर निम्न प्रकारको तथ्याङ्कको स्रोतलाई लिइएको छ ।

क. प्राथमिक स्रोत

ख. द्वितीय स्रोत

## ३.५ तथ्याङ्क संकलनका विधीहरू

यस अध्ययनमा प्राथमिकता तथ्याङ्क संकलनका विधि अन्तर्गत मुख्य सूचना दाता १०० जना विवाहित जोडीसँगको अन्तर्वाता, पुरानो र नयाँ समयको विवाहका जोडी छनोटबारे जानकार व्यक्ति सँगको कुराकानी, अवलोकन र समुह छलफल विधि जस्ता विधिको प्रयोग गरिएको छ ।

### ३.५.१ प्राथमिक तथ्याङ्कका विधिहरू

**अवलोकन**

सहभागी अवलोकन विधि पनि सामाजिक अनुसन्धानको लागि निकै उपयोगी तथा लाभकारी सिद्ध भएको छ । यस अध्ययनमा सहभागी अवलोकन पद्तीको माध्यमबाट पारिवारिक विवरण र विवाहका जोडी छनोट प्रकृयाका बारेमा पहिलाको तरिका र हालसालैको तरिका बारेमा जानकारी लिइएको छ । साथै पछिल्लो समयमा जिल्ला र अञ्चल बाहिरबाट प्रेम विवाह गरेका केही जोडीहरूको मनोविज्ञान र विवशताका बारेमा कुराकानी र अवलोकन समेत गरिएको थियो । जसको विवरण अनुसुचीमा उल्लेख गरिएको छ ।

**मुख्य सूचनादाता अन्तरवार्ता**

संयोगले धाइरिङमा २५-३० घरधुरी हुँदा देखि हालसम्म ७००-८०० घरधुरी हुँदासम्मको अवस्थाका बारेमा साक्षात जानकारी राख्ने ९१ वर्षिय मोतीलाल उपाध्याय र ८६ वर्षिय बम बहादुर के.सी. सँग भेट भयो । करीब करीब २५-३० वटा विहेका लमी बन्न र २००-३०० वटा बिहेका जन्ती बनेका बयोबृद्ध नागरीक सँगको अन्तर्वाताले विवाहका जोडी छनोटमा प्रणालीका बारेमा आएको परिवर्तनलाई पुष्टी गर्न गुणात्मक तथ्याङ्क प्राप्त भए । त्यस्तै सरकारी जागीरको सिलसिलामा काठमाण्डौ बसोबास गर्ने गरेका र हाल उतै विहेबारी समेत गरेका युवाहरू सँग नाता सञ्जाल भित्र र आफ्नो भुगोल तथा परम्परागत मान्यता बाहिर बिहे गर्नु पर्नाका कारणहरूको बारेमा लिइएको अन्तर्वाताले थप गुणात्मक तथ्याङ्क प्राप्त गर्न सकियो । यसको विवरण अनुसुचीमा उल्लेख गरिएको छ ।

**समुहगत छलफल**

मुख्य सूचनादाता अनतर्वाता पछि अध्ययनका नतिजाहरूलाई थप प्रमाणिकरणका लागी २०७४ साल मंसिर २३ गते पर्वतको जलजला गाउँपालिका वडा नं.७, धाइरिङको श्री फर्से धाइरिङ मा.वि.को प्राङ्गणमा समुहगत छलफलको आयोजना गरियो । सो छलफलमा

समाजका जानकार, शिक्षण र पत्रकारीता पेशामा संलग्न महानुभावहरूले विवाहका जोडी छनोटका परम्परागत काइदा र आधुनिक काइदा तथा परिवर्तनका कारक तत्वका बारेमा महत्वपुर्ण सूचना दिनुभयो । छलफलमा उपस्थित महानुभावहरूको विवरण अनुसुचीमा उल्लेख गरिएको छ ।

### ३.५.२ द्वितीय तथ्याङ्क संकलनका स्रोतहरू

द्वितीय स्रोतको मुख्य आधार पुस्तकालयलाई लिइएको छ । यसबाहेक विभिन्न दैनिक र मासिक पत्रपत्रीकाहरूका विवाह र विवाहका तरिका सम्बन्धीत लेख रचना र कथाहरू तथा यसबारेमा लेखिएका विभिन्न आख्यानहरू, प्रकाशित अप्रकाशित पुस्तक तथा शोधपत्रहरू र तिनमा समावेश लेख रचनाहरू अध्ययनको आधार हुन । साथै इन्टरनेट माध्यम र इ-पत्रीकाहरू पनि खोजीका मुख्य स्रोत भएका छन् ।

## ३.६ तथ्याङ्कको विश्वसनीयता र प्रमाणिकता

यस अध्ययनलाई संरचनात्मक प्रकार्यात्मक सिद्धान्तका माध्ययममा आधारीत भई यस अध्ययनलाई सामान्यीकरण गर्न खोजिएको छ । अध्ययनमा समावेश गरिएको अवधारणा र चरहरूलाई कार्यात्मक व्याख्या गरिएको छ । मुख्य सूचनादाताहरूबाट विशेष प्रश्नावलीको आधारमा संकलित विवरण बाट यो शोध तयार गरिएको हो । विषयवस्तु केन्द्रीत प्रश्नहरूको उत्तरदाता विवाहका जोडी छनोट प्रणालीमा स्वयं संलग्न लमी र धेरै विवाहमा जन्ती गएका अनुभवी तथा पुरानो पुस्ताको जीवन व्यतित गर्नु भइसकेका वयोवृद्ध नागरिक तथा नयाँ पुस्ताको जीवन धान्न संघर्षरत युवा, विभिन्न तरिका अपनाएर आफ्नो जोडी छनोट गरिसकेका १०० जना विवाहित जोडी अनि शैक्षिक उपाधी हाँसिल गर्नुभएका विद्यार्थी र समाजका बारेमा जानकार सरोकारवालाहरू समेत रहनु भएकोले तथ्याङ्क संकलन विश्वसनिय बन्न पुगेको छ भनि विश्वस्त हुन सकिन्छ । साथै सो विवरणहरूमा आधारित रही विश्लेषण गर्ने र थप प्रमाणीकरणका लागी मुख्य सूचनादाताहरू सहितको समुह छलफल विधि पनि सम्पन्न गरिएको हुनाले यसले विश्वासनियता प्राप्त गर्नेमा अध्ययनकर्ता विश्वस्त छ ।

## ३.७ तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानलाई सार्थकता संकलन गरिएको तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण र प्रस्तुतिकरणले दिन्छ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतका आधारमा तथ्याङ्क संकलन गरिएको छ । गुणात्मक प्रकृतिका सुचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाउन प्रयास गरिएको छ । अध्ययनको प्रकृति अनुसार प्राथमिक तथ्याङ्क संकलनका लागि नमुना प्रश्नावली तयार गरी अनुसन्धानकर्ता बाट मुख्य सुचनादाता अन्तर्वार्ता र समुहगत छलफल विधिबाट अध्ययन गरिएको थियो । उत्तरदाताहरू बाट प्राप्त तथ्य र धारणाहरूलाई एकै ठाउँमा मिश्रण गरी विश्लेषण मार्फत अनुसन्धान कार्य सम्पन्न गरिएको छ । अध्ययन क्षेत्र सँग सम्बन्धित कतिपय द्वितीय तथ्याङ्कहरूलाई प्राप्त स्रोत अनुसार तिनको विश्लेषण र व्याख्या गर्दै तिनका कमजोरी र सबल पक्षहरूलाई केलाइएको छ ।

# अध्यायः चार

# नेपाली समाजमा चलन चल्तीका विवाह्का जोडी छनोट प्रणाली

## ४.१ परम्परागत छनोट प्रणली

समाजशास्त्री चैतन्य मिश्रले बदलिँदो नेपाली समाज नामक पुस्तकमा विगतको नेपाली समाजका विभिन्न वैवाहिक पद्दती हावी भएको कुरा उल्लेख गरेका छन् । विवाह पद्दती अर्न्तगत विवाहका जोडी छनोट प्रणाली पनि सँगै जोडिएर आउने हुँदा परम्परागत नेपाली समाजमा हुने विवाहका प्रकार वा पद्दतीलाई अध्ययन गर्नु पर्ने हुन्छ । अतएव परम्परागत नेपाली समाजमा चल्तीमा रहेका केही विवाह पद्दती रुपान्तरित हुँदै हालसम्म कायम छन् । केही नयाँ पद्दती जन्मने र विकास हुने क्रममा छन् । भविष्यमा पनि यस्तो क्रम जारी रहेको छ ।

उत्पादनका साधनको स्वामित्व, उत्पादन प्रकृया र यस प्रकृया अन्तरगतको घर परिवारभित्र र बाहिरको सम्बन्ध लामो समय स्थिर रहे । यसका साथै जिवन यापन, मालिक-आश्रीत सम्बन्ध र अन्य श्रम, अन्तर-सामान्ती संरचना, सामन्त र राज्यसत्ता, अन्रदेशिय सम्बन्ध पनि लामो कालसम्म स्थिर रहे । खास गरेर सामन्त र आश्रीत श्रम विचको विभाजन राजनितिक आर्थिक र सांस्कृतिक तहमा व्यापक, गहिरो र झण्डै अपरिवर्तनिय रह्यो । यसै विभाजनलाई बैधता दिन धर्म र “परम्परा” मा आधारित कानुन निर्माण भयो । यसका साथै जात जातित्व, उँच-निँच, आर्य-अनार्य, स्थानीय-बाहिरीया, मालिक-दास-अर्धदास आदी विभेद र असमानताका झण्डै अभेद्य पर्खाल पनि सृष्टी भयो । यस्ता विभेद र असमानताको उद्भव दैवी र अलौकिक ठहऱ्याइयो, जसमा परिवर्तनको गुन्जाइस अत्यन्त न्युन र कठिन रह्यो । यिनै पर्खाललाई सामाजिक पारिवारिक रुप दिन कुल, घराना आदी श्रृष्टि भयो । यिनै पर्खालको प्रत्यक्ष सुरक्षाका लागि राज्य व्यवस्था र सेनाको पनि व्यवस्था गरियो । यि मार्फत उत्पादनका स्रोत र आश्रित श्रम माथिको नियन्त्रणलाई प्रभावी तुल्याइयो ।

यस्तो विभेद र असमानताको व्याख्या राजनितीक आधार दैवी र अलौकिक तहमा गरिए पनि र यस्तो विभेद र असमानता कायम राख्न विभिन्न विषिष्ट राजनितिक, आर्थिक र सांस्कृतिक आधारशिला तयार गरी लागु गरिए पनि, वैवाहिक पद्दती नियन्त्रीत नतुलयाउँदा यस्तो पर्खालमा भ्वाङ पर्ने र अन्ततोगत्वा थोरै समयभित्र यस्तो व्यवस्था ढल्ने निश्चित हुन्थ्यो । यो व्यवस्था तब मात्र चिरञ्जिवी हुन सक्थ्यो, जब खास-खास तहका सामन्त, खास-खास कुल-घराना, खास-खास जात-जाती र उपजात-उपजाती आदी भित्र मात्र वैवाहिक सम्बन्ध सिमि तगर्न सकिन्थ्यो । उत्पादनशिल र अन्य सम्पत्तीको पुस्तैनी संरक्षण गर्न, आश्रित श्रम माथी दिगो र पुस्तैनी नियन्त्रण कायम राख्न तथा अन्य विभेद र असमानता अक्षुण राख्न “बराबरी हैसियत” भएका विच नै वैवाहिक सम्बन्ध गाँसिनु अनिवार्य रह्यो । कुल-घराना “चोखो राख्न” यस्तो पद्दती आवश्यक रह्यो । पारिवारिक सम्पत्ति अर्को पुस्तालाई हस्तान्त्रण गर्न र सम्पत्ति को बाँडफाँड न्युन गर्न पनि यस्तो व्यवस्था आवश्यक रह्यो । सामाजिक हैसियत कायम राख्न, राजनितीक र सैनिक सुरक्षा-शक्ति सञ्चय र बढोत्तरी गर्न पनि यस्तो व्यवस्था उपयोगी हुने भयो ।

समाजशास्त्री मिश्रको उपर्युक्त धारणाबाट स्पष्ट हुन्छ कि विश्वका अन्य समाज जस्तै नेपाली समाजमा पनि सामन्तबादको जबरजस्त उपस्थिती थियो । सामाजिक संस्था र प्रणालीहरूलाई सामन्तबादी सोंचका साथ स्वीकार र व्यवहार गरिन्थ्यो । यस्तो प्रणाली मध्येको एक विवाहका जोडी छनोट प्रणालीमा पनि सामन्तबादी सोंच नै हावी भएको कुरालाई हालसालै नेपाली समाजमा अगाडी बढिरहेका कदमजम (क = कर्णली, द = दलित, म = महिला, ज = जनजाती र म = मधेसी) जस्ता आन्दोलनहरूले पुष्टि गर्दछन् । अतयव पुरातन नेपाली परम्परा निर्धाण गर्न त्यसबेलाको सामन्तबादी राज्यसत्ता प्रमुख हो भन्न सकिने अर पनि धेरै आधारहरू छन् । धर्म, राजनिती, अर्थ लगायत समाजका प्रमुख संस्थाहरूमा सामन्तबादको दबदबा थियो र सोही अनुरुप विवाहका जोडी छनोट प्रणाली तय हुने गरेको कुरा बुझ्न सकिन्छ ।

आफ्ना भनाईहरूलाई थप स्पष्ट पार्दै मिश्र भनछन् "बराबरी हैसियत, कुलिनता, राजनितिक शक्ति र सामाजिक प्रतिष्ठाको आर्जन र यि सबैको दिगोपनाका लागि नै सबैजसो सामन्तहरूले पर्खाल भित्र मात्र आफ्नो सन्तानको विहे गर्ने गरेका छन् ।"

तत्कालिन आवश्यकता वा संघर्ष जे जे कारणले भएता पनि नेपाली समाजमा सामन्तबादको जन्म भयो । यसरी विकसित सामन्तबादले समाजका हरेक तह र तप्कामा आफ्नो बलियो उपस्थिती जनायो । मानछेहरूका व्यवहार सोही अनुरुप निर्देशित हुन पुगे । धर्म, राजनिति, अर्थतन्त्र जस्ता समाजका मुख्य संस्थाहरूको वनावट सोही अनुसार निर्धारण भए । शासक र शासीतहरूको स्थान पनि सामनतबादी ढाँचामा नै निर्धारण भए । विवाह संस्थामा पनि सामन्तबाद कायम राखीराख्ने सोंच सहितका नियम बनाइए र अपनाइए । सामन्तबादी सोंचले सम्पन्न गरिने विहेका लागि जोडी छनोट पनि सामन्तबादी सोंचकै हुने भए । यस परीपाटी अन्तर्गत विवाह हुने बेहुला बेहुलीमा होइन कि परिवारका मुली र नाता गोता एवं कुलका अन्य मुलिको भुमिका प्रवल रहन्छ र निर्णय-शक्ति उनिहरूमै निहित रहन्छ । त्यसकारण आफ्नो जोडी स्वयं छनोट गर्न नपाई सामाजिक परिपाटीलाई स्वीकार गरी अभिभावक वा नजीकका नातेदारको निर्णय मान्न त्यसबेलाका वर बधु विवश हुनुपऱ्यो । अर्थात चल्तीमा रहेको विहे प्रथा वा विवाहका जोडी छनोट प्रणालीमा केटाले केटी र केटीले केटा हेराहेर गरेर स्व निर्णय गर्नसक्ने अवस्था र व्यवस्था त्यतीबेला थिएन । विवाहका जोडी छनोट प्रणालीमा अभिभावक वा नातेदारको अहम भुमिका हुन्थ्यो । यसरी तत्कालीन समयमा जोडी छनोट प्रणाली कायम हुनुमा धर्म, राजनीती र सम्पुर्ण सत्तामा सामन्तबाद हावी थियो र उसले नै समाजका सम्पुर्ण संस्था र सत्ताको निर्धारण तथा परिचालन गर्दथ्यो । यसकारण विवाहका जोडी छनोटमा वर बधु स्वयंको निर्णय नभएर अभिभावकको निर्णय मान्य हुन्थ्यो भन्ने कुरालाई मिश्रले जोड दिएका छन् ।

फाइन प्रिन्टले हालसालै बजारमा ल्याएको किताब माङ्गेना नेपाल मन्थन जसका लेखक युग पाठक हुन । उक्त किताबको पृष्ठ २२० "प्रेमी-प्रेमीकाले प्रेम गर्दै गर्दा जात विचमा आउँछ । तिमी जैसी कि उपाध्याय ? तिमी बाहुन कि क्षेत्री ? दलित कि मतवाली ? मधेसी कि पहाडी ? तिम्रो पैतृक हैसियत के ? प्रेम जवानीको सबैभन्दा सशक्त उर्जा

हो । प्रेमको अनुभुति र अभिव्यक्ती भावुक हुनछ, तर प्रेमले मान्छेलाई सिर्जनशिल पनि बनाउँछ । युवक र युवतीका फरक-फरक शक्तिलाई प्रेमले जोड्छ । यो सम्बन्ध स्वस्थ ढङ्गले विकास भयो भने युवक र युवती दुवैले चामत्कारीक कामहर गर्न सक्छन् । तर प्रेममा हाम्रा जोडी रचनात्मक हुनै सक्दैनन् । यहाँ त एक अर्कालाई साथ दिएर नयाँ आविष्कार गर्ने होइन, विहे गर्नासाथ पुरुषले नारीमाथी शासन गर्ने हो । विहे गर्नासाथ प्रेमी-प्रेमीका लोग्ने-स्वास्नीमा रुपान्तरण हुन्छन् । हाम्रो परिवारको राजनिती यतीमै सिमीत छ आजसम्म" भनेर लेखकले विवाह तथा प्रेमका सन्दर्भमा नेपाली समाजमा चल्दै आएको माहोल तथा वास्तविकतालाई प्रष्ट पार्ने काम गरेका छन् ।

लेखक तथा स्तम्भकारका रुपमा परिचीत पाठकलाई बैकल्पीक बौद्धिक आन्दोलनका अभियन्ता समेत मानिन्छ । उनका लेख तथा कृतिहरूमा सामन्तबाद बिरोधी बलिया तर्कहरू पेश गरिएका हुन्छन् । समकालिन नेपाली समाजका प्रेम र विवाह सम्बन्धी लेख, रचना तथा कृतिहरू पढ्दा पनि थाहा लाग्छ कि नेपाली समाज विगत लामो समय देखि पितृसत्तात्मक हिन्दु वर्णव्यवस्थाका आधारमा र त्यसैले निर्धारण गरेको दायरा भित्र रही सञ्चालीत रहेको कुरा वर्तमान सम्म पनि तिनका अवशेषका बलिया पाटाहरू देखिनुले पुष्टि गर्दछ । मृत्यु संस्कारमा वाचन गरिने गरुड पुराणमा श्रीमान सँगै सति जाँदा पाप मोचन हुने कुरा उल्लेख गरिएको छ । त्यस्तै श्रीमानले जे भन्छ त्यसका विरुद्ध बोल्नुमा नारीको धर्म नास हुन्छन् । आदी जस्ता धार्मिक मान्यताहरूले नारीहरूलाई बाँधि राख्ने एकातिरको पाटो छ भने अर्को तिर महिलालाई चुलो चौकोको जिम्मा र पुरुषलाई समाज व्यवहार तथा घरबाहीरको जिम्मा सुम्पने परम्परा अपवाद बाहेक हालसम्म पनि दुरुस्तै छन् । यसकारण सामान्य कानुनमा सुधार गरिएका बाहेक सामन्तबाद र पीतृसत्तात्मक व्यवस्थाका अवयवहरू हालसम्म जीवीतै भएका प्रशस्त उदाहरणहरूलाई खोतलीरहनु परेन । लेखक तथा बुद्धिजीवी पाठकले आफ्नो धारणामा नेपाली समाजमा चल्तीमा रहेका विवाह र प्रेम सम्बन्धमा जुन किसीमको धारणा राख्नु भएको छ । त्यसको बैधतालाई नकार्न सकिने धेरै आधारहरू छैनन् । वर्तमान परिवेशको आयामलाई व्याख्या गर्न उत्पत्ती भएको उनको धारणा बलशाली देखिन्छ । कदमजम जस्ता वर्गिय र क्षेत्रीय आन्दोलनहरू तथा व्यापक समर्थनका साथ परिवर्तन भइरहेका राजनैतिक सत्ता जस्ता

आधारहरूमा पनि बाँच्न सक्ने सामन्तबाद तत्कालीन नेपाली समाजमा आफनो सशक्त उपस्थिती जनाइ रहन सफल भएको कुरामा असहमती जनाउने आधार बलिया छैनन् ।

त्यसैले बुद्धिजीवी तथा समाजशास्त्रीद्वय चैतन्य मिश्र र युग पाठकले उठान गर्नु भएको परम्परागत नेपाली समाजमा चल्तीमा रहेका प्रेम र विवाह सन्दर्भ सामन्तबादले निर्धारण गरेका निती नियम भित्र रहेर हुने गर्दथे भन्न सकिन्छ । विवाह तथा विवाहका जोडी छनोट कुलीन, सम्पत्ती आदी जस्ता वैभवहरूको सुरक्षा गर्न तथा अनुकुलको सुरक्षा व्यवस्था लामो समय सम्म टिकाई राख्नलाई हित हुने गरी गरिन्थ्यो । यसमा बर बधुको स्वतन्त्रता भन्दा पनि अभिभावक वा परिवार र समुदायको नाइके अर्थात मुलीको निर्णय मान्ने हुन्थ्यो भन्नलाई माथी उल्लेख गरिएका भनाई र तिनलाई पुष्टि गर्न दिइएका उदाहरणहरू प्रयाप्त छन् भन्न सकिन्छ ।

भण्डारी, लक्ष्मी, पोखराका क्षेत्री समुदायको वैवाहिक संस्कारमा सहरकिरणले पारेको प्रभाव (२०७१) अप्रकाशित शोधमा विवाहमा देखिएका पहिले र अहिलेका तुलनात्मक परिवर्तनलाई तालिका चित्रमा देखाएका छन् । विवाह अर्थात जोडी छनोटका आधारहरूलाई पहिले र अहिले गरी छुट्टाइएको छ । जस अनुसार पहिलाको समयमा मागी विवाह, अन्तरजातीय विवाहलाई स्वीकार नगरिने, सानो उमेरमै विवाह गर्ने चलन, विधुर वा विधवालाई विवाह गर्न बन्देज, विवाहमा अभिभावकको निर्णय हावी हुने आदी जस्ता प्रचलनलाई औंल्याएका छन् । यसबाट तत्कालीन समयमा जोडी छनोट गर्ने प्रचलित तरिका वा प्रणालीहरूका बारेमा जानकारी मिल्छ ।

आफ्नो हैसियत अनुसारको कुल कुटुम्ब हेरेर मागेर विवाहको जोडी छनोट गर्ने, आफ्नो समुदाय र सम्प्रदाय विपरीतको वर अथवा बधुलाई मान्यता नदिने अर्थात जोडी छनोट प्रकृयामा विपरीत जात वा सम्प्रदायलाई मान्यता नदिई आफ्नै समुदाय वा सम्प्रदाय भित्रको बर-बधु छनोट गरिन्थ्यो । त्यस्तै छोरीको मासिक धर्म (मिन्स) अगावै जलखाइसक्नु पर्ने भन्ने तथा धार्मिक मान्यताका आधारमा सानै उमेरमा विवाह गर्ने प्रचलनले गर्दा जोडी छनोट पनि सोही अनुसार गर्ने गरिन्थ्यो । त्यस्तै विदुर-विधवालाई पुन विवाह गर्ने छुट हुँदैन्थ्यो भन्ने आशय शोधकर्ताको निष्कर्षमा देख्न सकिन्छ ।

यसरी माथी उल्लेखित लेखक बुद्धिजिविहरूको आशयमा पुर्ववत कालखण्डको नेपाली समाजमा सामन्तबादको बलियो उपस्थिती र यसले निर्धारण गरेका मान्यता वा नियम भित्र बाँधिएर मान्छेहरूले सामाजिक व्यवहार दर्शाउँथे भन्ने बुझिन्छ । सम्बन्धित इतिहास, लेखक, विज्ञ तथा तत्कालिन अनुभव सँगालेका महानुभावहरूको अनुभव आदी सबैको अध्ययन तथा विमर्शबाट थाहा हुन्छ कि त्यसबेलाको समाज सामन्तबादी नै थियो र त्यसले आफ्नो वर्चश्व धान्ने किसिमले समाजलाई दिशा निर्देश गर्दथ्यो । विवाहका जोडी छनोट प्रकृयामा यस्तै नियन्त्रित प्रकृया वा प्रणाली चल्तीमा थियो भन्ने प्रमाणहरू फेला पर्छन ।

सामन्तवादमा नकरात्मक पक्षहरू मात्रै हावी हुन्छन् भन्नु ठिक होइन । सामन्तवादमा कतिपय सकारात्मक पक्षहरू पनि उत्तिकै हुन्छन् । सुरक्षा, अपनत्व र स्थीरता जस्ता पक्षहरू सामन्तबादका राम्रा पक्षहरू पनि हुन् । तत्कालिन समाजको आवश्यकताले सामन्तबाद जन्मनु परेको इतिहाँस हामी सामु छन् । नेपाली समाजमा मात्र नभएर सभ्यताको भरपुर विकास भैसकेका कतिपय पशिचमा र विकसित देशहरूमा पनि कुनै समय सामन्तबाद हावी भएका दृष्टान्तहरू इतिहाँसका पानामा कोरिएका छन् । आदिम साम्यबादबाट विकसित हुँदै आएको मानव सभ्यतालाई प्रतिस्थापन गर्ने भरपर्दो नयाँ व्यवस्था नजन्मिदा सम्म पुरानो व्यवस्था बाँचिरहनु अस्वभाविक होइन । समाज व्यवस्था परिस्थितीले निर्धारण गर्ने हुँदा समाजको स्वभाव अनुसारका व्यवस्थाहरू जन्मिदै आएका छन् । त्यसै मध्येको एक सामन्तबादी व्यवस्था हो । समाजको बलियो मान्छेलाइ नायक अथवा राजा बनाउने र उसले आफ्नो समुह र समुदायका मान्छेहरूले सुरक्षीत महसुस गर्ने प्रारम्भिक चरणबाट सामन्तबाद जन्मीएको अनुमान छ । समाजमा जटीलता थपिँदै जाँदा मान्छेहरूलाई जीवीको पार्जन गर्न तिब्र प्रतिष्पर्धा र संघर्षको स्थिती पैदा हुँदै गयो । यस अवस्थामा आफ्नो व्यक्तिगत र समुहगत सुरक्षाको लागि मान्छेहरूले तमाम दर्शन, धर्म जस्ता मान्यता र नियमहरू बनाउँदै गए । तिनको कार्यान्वयन गरी आफु र आफ्नो समुहको हित गर्न ढाँट, छल वा जस्तोसुकै उपाय पनि अपनाए । त्यसो नगरिए समाज र मान्छेहरू भड्कीने र थप जटिलता व्यहोर्नु पर्ने हुन सक्थ्यो । यिनै नियमितका

जटीलताहरूले मानव समाजमा नयाँ-नयाँ व्यवस्थाहरू जन्मदै आएको पाइन्छ । त्यसै मध्येको सामन्तबादी व्यवस्थामा राम्रा-नराम्रा दुवै पक्षहरू निहीत छन् ।

हाम्रो विषय वस्तु विवाहका जोडी छनोट प्रणाली भएकोले सामन्तबादी प्रणालीमा कसरी जोडी छनोट हुन्थ्यो भन्ने हो । अतएव सम्बन्धित विषय वस्तुमा आधारित रही वि.सं.१९९० को भुकम्पका प्रत्यक्ष साक्षी तथा नेपालमा प्रचलीत महासामन्ती युग (राणा शासन) समेत भोगेका पर्वत जलजला-७ का वासिन्दा क्रमशश : ८४ र ९२ वर्षिय वयोवृद्ध जानकार बमबहादुर के.सी. र मोतीलाल उपाध्याय सँग कुरा गरिएको थियो । उहाँहरूका अनुसार तत्कालीन समयमा पुरुष भन्दा महिलाको संख्या अत्यन्त न्युन हुने हुँदा शक्ति र सम्पत्ती नहुनेको लागी विवाह गर्न अत्यन्तै कठिन हुने हुँदा आफ्नो छोरालाई बुहारी मिलाउने सर्तमा मात्रै छोरी दिने चलन थियो । यसलाई साटो हाली गरिने विवाह भनिन्थ्यो । त्यस्तै कन्या चोरेर गरिने विवाह, अनमेल विवाह (४२ वर्षका पुरुषलाई ७ वर्षकी बालीकासँग विवाह गराइएको कारुणीक प्रमाणका साक्षी भेटीयो), धार्मिक मान्यता अनुसार चिना वा चिर्केटोमा बहु विवाह जोग पेरको छ भने त्यसलाई पुरा गर्नु पर्छ भन्ने मान्यता थियो । यसरी हिन्दु वाहुल्य नेपाली समाजको पुर्ववत कालखण्डमा विवाहका जोडी छनोट गर्ने प्रकृया वा प्रणालीहरू चलनमा रहेको कुरा बुझ्न सकिन्छ । जलजला ७ पर्वतमा नमुनाको रुपमा १०० जना विवाहित जोडी र विवाहमा संलग्न लमी तथा विवाहबारे जानकार व्यक्तिहरू सँग सोधिएको प्रश्न तथा कुराकानीका आधारमा अझै पनि आफ्नो परम्परा छोड्नु हुँदैन भन्ने जोडीको संख्या २० भेटीयो भने २०-३० वर्ष पहिलेका सन्दर्भहरूलाई केलाउँदा परम्परागत शैलीमा गरिने विवाहका जोडी छनोट तरिकाहरू धेरै भएको कुरा बुझ्न सकिन्छ ।

### ४.२ आधुनिक छनोट प्रणाली

शिक्षा, चेतना र नयाँ आवश्यकतालाई परिपुर्ति गर्नु पर्ने अवस्था तथा जीविको पार्जनलाई सुरक्षित गर्न नयाँ तरिकाको संघर्ष शुरुआत भयो । बदलिँदो विश्व परिवेश सँगै नेपाली समाजमा राजनैतीक, आर्थिक र सांस्कृतिक लगायतका क्षेत्रहरूमा निरन्तर संघर्ष र परिवर्तन हुँदै गए । त्यसको एकिकृत अन्तीम रुप वि.सं.०६२/०६३ को राजनितिक आन्दोलनलाई लिन सकिन्छ भने त्यसयता सामाजिक परिवर्तनका नियमित घटनाक्रम

जारी नै छन् । त्यस सँगै समाज पुँजीवादी युगमा प्रवेश गरेको भन्ने धारणा विभिन्न समाजशास्त्री तथा बुद्धिजीवीहरूले गरेका छन् । समाजको स्वरुप तथा अन्तर सम्बन्ध र विश्व व्यापीरुमा घट्दै गरेका कतिपय घटनाक्रमहरूले पनि नेपाली समाज सामन्तबाद बाट पुँजीबाद उन्मुख छ भन्ने कुरालाई पुष्टी गर्छन् । फैलीदो विश्वव्यवस्थात्मक प्रणाली प्रविधि,सञ्चार तथा विभिन्न सामाजिक सञ्जालहरूको तिब्र विकासले विश्व एउटा गाउँ जस्तो बनेको छ । सांस्कृतिक प्रसार तिब्र गतिमा संसारभर फैलिँदो छ । चेतना, अनुभव र संघर्षले मानवीय पक्षलाई सम्मान गर्न जान्ने अवस्थाको सृजना भएको छ । विभिन्न दर्शन र मान्यताहरूको विकास तिब्र रुपमा भईकन तिब्र रुपमै संसारभर फैलीरहेका छन् । जसबाट विश्वका एक कुनामा प्रयोग गरिएको मान्यताका राम्रा नराम्रा पक्षहरू तुरुन्तै अर्को ठाउँमा प्रसार भैहाल्छन् । विज्ञान, वातावरण र भुगोल तथा स्थान बमोजिमका परिस्थितीहरूमा मेलखाने सामाजिक सांस्कृतिक मानकहरू निर्धारण हुने र प्रसार हुने क्रम सामान्य जस्तै भएको छ । यसरी विज्ञान प्रविधि सँगै विकसित हुँदै आएको समाज विज्ञान भित्रका अवएवहरू, साँस्कृतिक मान्यताहरू पनि समयानुकुल निरन्तर परिवर्तन हुँदै आएका छन् । विवाह पद्दती र विवाहका जोडी छनोट प्रकृया हरेक समाज, समुदाय तथा व्यक्तिका जीवनमा घटीत हुने अनिवार्य उपक्रम हुन् । यसकारण प्रत्येक समाज र व्यक्ति विवाह संस्था र विवाहका जोडी छनोट प्रणालीमा अनिवार्य रुपमा जोडिएकै हुन्छन् ।

नेपाली समाजमा प्रचलीत विवाह र विवाहका जोडी छनोट प्रणालीलाई यस अध्ययन भित्र मुलत दुई खण्डमा विभाजन गरि अध्ययन गरिएको छ । पहिलो परम्परागत जोडी छनोट प्रणाली र दोश्रो आधुनिक जोडी छनोट प्रणाली । सामाजीक संस्कार वा मान्यता निर्धारणमा भुमिका खेल्नेकाम तात्कालिक वस्तुस्थितीले गर्दछ । यसकारण समाजका रिती रिवाज र मान्यता वा व्यवस्था निर्धारण बाद वा दृष्टीकोणले गर्ने गर्छन । नेपाली समाजको आवश्यकता र भुराजनितिक अवस्थितीले पुँजीबादी व्यवस्थात्मक यात्रामा अगाडी बढ्दै गरेका दृष्य वा उदाहरणहरू देख्न सकिन्छ । यसरी नेपाली समाजको सामाजिक सांस्कृतिक पाटोमा पुँजीबादी व्यवस्थाको आगमन भइरहेको छ । मान्छेका व्यवहार पनि त्यसै अनुरुप व्यवस्थित भएका देखिन्छन् । विवाह एक सामाजिक संस्था हो

र विवाहका जोडी छनोट प्रकृया त्यसको अभिन्न अंग हो । नेपाली समाजमा हाल प्रचलीत विवाह र विवाहका जोडी छनोट प्रणालीमा पुँजीबादी व्यवस्था अनुरुपका व्यवहारहरू देख्न सकिन्छ ।

समाजशास्त्री चैतन्य मिश्रका अनुसार, पुँजीबादलाई समान्यतया हामी आर्थिक क्षेत्रको सिमा भित्र मात्र राखेर बुझ्ने गर्छौं । कहिलेकाँही राजनितिक क्षेत्र र विरलै मात्र सांस्कृतिक क्षेत्रसम्म तन्काएर बुझ्ने गर्छौं । पुँजीबाद र संस्कृती विचको अन्तरक्रियाको आँकलन गर्दा पनि हामी अलिक अमुर्त तहमा नै रहने गरेका छौं । यो सन्दर्भमा के पुँजीबाद र विवाह पद्दती विचको अन्तरसम्बन्धलाई मुर्त तुल्याउन सकिँदैन ? घर-परिवारलाई उत्पादन रुपमा होइन, मूलत : उपभोगको थलोको रुपमा मात्र स्थापीत गर्नु, नवयुवाहरलाई परिवार, इष्टमित्र, जन्मे-हुर्केको समुदायबाट अलग पाठशाला, सहर-बजार, व्यापारिक, औद्योगिक, सेवा-प्रधान प्रतिष्ठानमा केनिद्रत पार्नु, धेरैजसो परिवार र वयस्कलाई उत्पादनका साधन विहिन श्रमिकमा परिणत गर्नु आदी पुँजीबादको सामाजिक पाटोका विशेषता रहे । औद्योगिकरण, सहरीकरण, वस्तु र सेवाको विनिमयकरण आदीले यी प्रकृयालाई साथ दिए । यिनै संरचना र प्रकृया अन्तरग त्यस्तो “स्वतन्त्र व्यक्ती” को सिजृना भयो, जो घर-परिवार, स्थानिय नातेदार, मित्रजन, कुल-कुटुम्ब, स्थापित मुल्य-मान्यता, रीतिरिवाजबाट “स्वतन्त्र” बन्यो । यो “स्वतन्त्र व्यक्ति” अधिकांशत : ज्यालादारी मजदुर र रोजगार विहिन कामदारमा परिणत भयो । निजी पुँजीमाथी कानुनी अधिकार अनुल्लङ्घनीय हुँदै गएको स्थितीमा यो व्यक्तिको पुर्खौली सम्पत्तिमाथिको अधिकार परिवारको मुलीको इच्छापत्रमा आधारित हुने भयो । अर्थात, त्यस्तो सम्पत्तीको हकदाबी गर्न सक्ने वा हकदार हुने कुरा अनिश्चित रह्यो । हाल नेपालमा चल्दै गरेको इच्छापत्र सम्बन्धि बहस पुर्खौली सम्पत्ति, पारिवारिक सम्बन्ध र सिङ्गो समााजको पुँजीबादीकरणका विभिन्न द्योतक मध्ये एक हो ।

यस्तो परिवर्तनकारी आर्थिक, राजनितिक र सांस्कृतिक विशिष्टता अँगाल्न थालेको समाजमा परिवार र अभिभावक-प्रधान मागी विवाह पद्धती स्वत : अवैध क्रममा पुग्यो । विवाह अगावै शिक्षा र रोजगारको खोजीमा घर-परिवारबाट बाहिरीनु पर्ने, विवाह गरेपछि बाबुआमाको घरमा नबस्ने तथा उनिहरूको रेखदेख र नियन्त्रणमा नरहने, नातागोता र

पारिवारिक इष्टमित्र, छिमेकीबाट टाढा रहने, जीवन यापनको स्रोत गैर-पारिवारीक आर्जनलाई मान्नुपर्ने सामाजिक संरचनामा मागी विवाहको सम्भावना क्षीण हुन थाल्यो ।

यस्तो स्थितीमा प्रेम विवाहको नयाँ पद्धतिको सिर्जना हुन थाल्यो । जन्मेको परिवारबाट छुट्टिएको, भिन्नै इलाका, सहर र देशमा काम गरेको एवं बसोबास गरेको, भविष्यमा पनि घर नफर्किने, नयाँ ठाउँ, नयाँ सामाजिक सम्बन्ध स्थापित गर्नुपर्ने स्थितीमा आफ्नो वैवाहिक साथीको चयन आँफै गर्नु पर्छ, वैयक्तिक प्रेमको आधारमा । यस स्थितीमा प्रेम विवाह गर्न उ स्वतनत्र हुन्छ, तर साथै यसो गर्न उ बाध्य पनि हुन्छ । प्रेम विवाह नगर्न, मागी वा अन्य विवाह पद्धति अपनाउन ऊ स्वतन्त्र हुँदैन । यसरी पुँजीबादले डोऱ्याउने र निर्देशित गर्ने एउटै मात्र विवाह पद्धति हुन सक्छ : प्रेम विवाह । सामन्तबादी अर्थ-राजनितीको वैवाहिक पाटो मागी विवाह बने झैं पुँजीबादी अर्थ राजनितीको वैवाहिक पाटो प्रेम विवाह बन्छ भन्ने भनाई समाजशास्त्री मिश्रले व्यक्त गरेका छन् (मिश्र, २०६७) ।

लेखक तथा विश्लेषक झलक सुबेदीका नजरमा पुँजीबादी अर्थ राजिनिती अर्न्तगत विवाह र प्रेम जस्ता भावनात्मक सम्बन्धहरू पनि अत्यन्तै अस्थायी रहने गर्दछन् । अर्थात विवाह, प्रेम जस्ता मान्छेका व्यक्तिक इच्छाहरूलाई पनि बजारियाबादले निर्धारण गर्ने तर्क उनको छ । नेपाली समाजको वर्तमान अन्तरसम्बन्धलाई केलाउँदा उनको यो भनाइलाई अन्यथा मान्न सकिँदैन । वैदेशिक रोजगारीको सिलसिलामा विदेशिने थुप्रै युवायुवतीहरूमा एक्लोपना र आर्थिक परिस्थितीलाई व्यवस्थापन गर्न नजान्दा बहकिएर पारिवारिक विगठन हुन पुगेका थुप्रै उदाहरणहरू छन् । त्यस्तै देश भित्रै पनि अस्थायी रुपमा टाढा बसेका वा नजिकै भएर पनि आफ्नो श्रीमान-श्रीमती विचमा दरार आउने गरेका थुप्रै घटनाक्रमहरू देखिन्छन् । पुँजीबादले परिवर्तन गरेको सामाजिक परिस्थितीलाई पुरानै दृष्टीकोणले हेर्ने वा बस्तु स्थितीलाई बुझ्ने समान धारणाको विकास हुन नसक्दा यस्ता घटनाहरूका उपक्रम दोहोरी रहने गरेका छन् । सजिलै विवाह सम्बन्ध बन्ने र सजिलै विवाह विच्छेद पनि हुन बेर नलाग्ने स्थिती पुँजीबादले निम्त्याउँछ भन्ने आशय विश्लेषक सुवेदीको रहेको छ (सुवेदी, २०६३) ।

विभिन्न दर्शन तथा मान्यताहरूको विकास तथा तिनको द्वन्दले समाजका व्यक्तिहरूको मथिङ्गल कसरी हल्लाइ दिन्छ ? मान्छेलाई क्रुर र प्रेमी वा गतिशिल र स्थिर कसरी बन्न बाध्य हुन्छ भन्ने मनोबैज्ञानिक तर्क विश्लेषक सुबेदीका लेख तथा आलेखहरूमा पढ्न पाइन्छ । पुँजीबादी अर्थराजनितीलाई चिरफार गर्न माहिर सुबेदीले नेपाली अर्थराजनितीलाई नजिकबाट व्याख्या विश्लेषण गर्ने गरेका छन् । उनका लेख-आलेखमा नेपाली समाजमा घट्ने गरेका राजनितीक घटनाक्रम र नेपाली समाजलाई पुँजीबादी अर्थव्यवस्थाले पुऱ्याएको असरलाई कहिँ न कहिँ जोडेर व्याख्या गर्ने गरेका पाइन्छ । उनको प्रकाशित उपन्यास “ब्रिटिस सेनाका नेपाली महरा” मा पनि यसको छनक पाइन्छ । त्यस्तै दैनिक पत्रपत्रिकाहरूमा पनि उनको सशक्त उपस्थिती देखिन्छ । पछिल्लो पटक अमेरीकाको वाल स्ट्रीट कब्जा भएताका उनले निम्न मध्यम र तल्लो स्तरमा रहने संसारभरका मजदुर र नागरिकहरूको पक्षमा समर्थन जनाउँदै लेखहरू लेख्ने गरेका थिए । त्यहाँ पनि उनको आशय पुँजीबादले ल्याएको सामाजिक परिवर्तनलाई स्विकार्दै मान्छेहरूका भावनामा ठेस नपुऱ्याउने गरी राज्य वा सम्बन्धित समाजका महत्वपुर्ण संस्थाहरूले आफ्ना नागरिकको उचित व्यवस्थापन गर्नु पर्छ भन्ने देखिन्छ ।

सुबेदी, झलक मुल्याङ्कन मासिक २०६३ असोज : पुँजीबादी संक्रमण बढ्दै गएको नेपाली समाजमा विवाह संस्था र प्रेम मा नौला घटनाक्रमहरू घट्दै गएको कुरा उनले कथा मार्फत व्यक्त गरेका छन् । “मिस रश्मी” नामक कथामा पात्रहरू निर्माण गरेर पुँजीबादी समाजमा प्रेम र विवाह जस्ता एकदमै भावनात्मक सम्बन्धहरू पनि कति अस्थायी र असुरक्षित हुन्छन् ? आफ्नै जोडी प्रति नचाहेर पनि कस्तो कठोर कदम चाल्न विवश हुन्छन् मान्छेहरू ? भन्ने कुरा देखाउन खोजिएको छ । परम्पराबादी समाजमा ढाँटेर, छलेर वा चोरेर पनि प्राप्त गरेको जोडी सिँदुर हालेपछी स्थायी र पक्का हुन्थ्यो भने आधुनिक जोडी छनोट प्रणाली एकदमै विश्वस्त भएपछि मात्र हुने गर्छ । यसमा आँफुले अपेक्षा गरेक जोडीले लालन-पालन र भावनात्मक कुरा बुझ्छ कि बुझ्दैन ? त्यो पक्का भएपछि मात्रै विवाहको लागि तयार हुन्छन् । पुर्व सहमती अनुसार नभए जुनसुकै बेला जोडीको बिगठन हुन सक्छ । यो पुँजीबादी व्यवस्थाले निर्धारण गरेको नयाँ संस्कृति

मध्येको एक भएको कुरा उक्त कथा मार्फत बुझाउने प्रयत्न विश्लेषक सुबेदीको रहेको छ ।

काफ्ले, दिपकराज, पोखराका कसाईं जातिको विवाह पद्धतिमा शहरीकरणको प्रभाव (अप्रकाशित शोधपत्र) नामक अध्ययनमा भनेका छन् । नेपाली समाज र संस्कृतिमा हिन्दु पौराणिक साहित्यको सोझो प्रभाव रहेको पाइन्छ । हिन्दु धर्मशास्त्र अनुसार समाजलाई सानो, ठुलो, छुत, अछुत, पानी चल्ने, पानी नचल्ने आदी गरी जातीय विभाजन गरिएको पाइन्छ । यी सबै जात जातीको आ-आफ्नै किसिमको परम्परा, मुल्य मान्यता, भाषाहरू रहेका छन् भनिएको छ । उनको भनाइको तात्पर्य विवाहका जोडी छनोट प्रणालीमा पनि यसैको सोझो प्रभाव पर्ने कुरा झल्कन्छ । परम्पराबादी विवाहका जोडी छनोट प्रणालीमा यसको प्रभाव निकै रहेको कुरा अवलोकन र अध्ययनका दौरानमा प्रशस्तै भेटीए । तथापी पुँजीबादी सामाजिक संरचनाको शुरुवात सँग सँगै आजका युवा युवतीले विवाहका जोडी छनोट प्रकृयामा यसै सिमा रेखामा बाँधिरहन नरुचाई नयाँ र नितान्त आफ्नो आवश्यकतालाई परिपुर्ति गर्ने किसिमले अगाडी बढीरहेको छनक प्राप्त तथ्याङ्कहरूले दिएका छन् ।

प्रत्येक भुगोल, जाति, भाषी र समुदायमा विवाहका आ-आफ्नै प्रकृया र परम्पराहरू विकसित हुँदै गइरहेका छन् र समय सँगै कैयन परम्पराका नालायक पर्खालहरू भत्कँदै पनि गएका छन् । हाम्रो मुलुकमा यही शताब्दीको पुर्वाधमा रहेका वैवाहिक प्रकृयाका प्रवृत्तिहरूमा पनि आमुल परिवर्तन आएको छ (बराल, २०५७) । बरालको उक्त निष्कर्ष विवाहका जोडी छनोट प्रणालीमा वर्तमान नेपाली समाजमा अपनाइने शैली सँग मेल खान्छन् ।

वर्तमान नेपाली समाजमा विवाहका जोडी छनोट प्रणाली अन्तर्गत मेलखाने (भण्डारी, लक्ष्मी, पोखराका क्षेत्री समुदायमा वैवाहिक संस्कारमा शहरीकरणले पारको प्रभाव : २०७१ अप्रकाशित शोधपत्र) अध्ययनको निष्कर्ष छ । उनका अनुसार समाजको विकासक्रम र शहरीकरणको कारण समाजमा आएका विभिन्न परिवर्तनहरू देख्न पाइए जस्तै क्षेत्री समुदायमा पनि त्यसको प्रभाव परेको कुरा उल्लेख छ । शहरीकरणले मानवका विभिन्न साँस्कृतिक मुल्य र मान्यताहरूमा परिवर्तन भएजस्तै विवाहका विभिन्न

आयाम तथा पक्षहरूमा पनि परिवर्तन आएको कुरा बताइएको छ । अध्ययनकर्ताले क्षेत्रीजातिको कुरालाई मात्र उठान गरेको भएता पनि वर्तमान समाजमा सबै जात जातिका युवा युवतिहरूमा नयाँ खालको जोडी छनोटको चेत पलाएको छ भन्न सकिन्छ ।

पर्वत जलजला-७ का फडिन्द्र आचार्य (३४) कर अधिकृतको रुपमा अर्थमन्त्रालयमा काम गर्दछन् । अध्ययन र कामको सिलसिला सँगै उनको स्थायी बसोबास काठमाण्डौमै छ । काम तथा स्तर र भावनाको समेत आदान प्रदान सहज भए पछि राजश्व विभागकै कर अधिकृत स्याङ्गजा निवासी सुनिता शर्मा सँग लगन गाँठो कसे । त्यस्तै अर्का युवा बैङ्कर ध्रुबप्रसाद आचार्यले सबैकुरा मिल्ने बुटवल निवासी शारदा नेपाल सँग विवाह गरे । परम्परागत रुपमा म्याग्दी र बाग्लुङ्ग जस्ता भुगोलको दायरा नाघेर विवाह गर्न हिच्कीचाउने चलनले ति युवाहरूको जीन्दगी सञ्चालन सम्भव नहुन पनि सक्थ्यो । यसकारण जोडी छनोटको परम्परागत मान्यता भित्र अटाउन बदलिँदो समय र परिस्थितीले सम्भव तुल्याएन । त्यस्तै नेपाल प्रहरीमा जागीर खाने युवा नवीन नेपाली,२३ (नाम परिवर्तन) ले अम्बिका शर्मा (नाम परिवर्तन) लाई मन परए भने अम्बिकाले नवीनलाई उनिहरूको प्रेम झाँगीदै गयो । विजातिय विवाहलाई मान्यता नदिने नेपाली संस्कारले उनिहरूलाई रोक्न सकेन । जिल्ला अदालत पुगेर अदालती विवाह सम्पन्न भयो । त्यस्तै जलजला-७, धाइरिङ निवासी भरत शर्मा (२२) ले फेसबुक चलाउँदै गर्दा कुनै युवती साथी बन्न आइपुगिन सामान्य च्याट हुँदा हुँदै नम्बरको आदान प्रदान भयो । फोनमा र म्यासेन्जरमा घन्टौं कुराकानी हुन थाल्यो । विस्तारै दुवैले एक अर्काको विकल्प नदेख्ने अवस्थामा पुगे पछि अन्तमा उनिहरूको विवाह हुन पुग्यो । यिनै सन्दर्भहरूमा केन्द्रीत हुँदै जलजला ७ पर्वतमा १०० जना जोडी छानेर गरिएको अध्ययनमा ६० जना जोडीहरूले आधुनिक सन्दर्भ र परिस्थितीलाई अँगाल्दै आफ्नो जोडी छनोट गरेको देखिएको छ ।

परम्परागत मान्यता अनुसार जात, धर्म र खानदान हेरेर मात्र जोडी छनोट गर्नु पर्छ भन्ने पुरानो मान्यता नयाँ समाज र परिवेशका लागि कामयावी बन्न छोडेको कुरा माथिका उदाहरणहरूले प्रष्ट पार्छन । उल्लेखित विद्वानहरूका भनाई र घटना क्रमहरलाई केलाउँदा नयाँ नेपाली समाजमा विवाहका जोडी छनोट गर्ने काइदामा परिवर्तन भएको

छ । हिन्दु शास्त्र तथा मान्यतामा आधारित नेपाली समाजमा पहिले-पहिले मागी विवाह अर्थात मागेर जोडीको छनोट गर्ने, त्यस्तै चोरेर जोडीको छनोट गर्ने, झुक्याएर जोडीको छनोट गर्ने, वैभव तथा सम्पत्तिको आधारमा जोडीको छनोट गर्ने, खानदान र नातागोताको दायरालाई सुरक्षित राख्ने हेतुले जोडी छनोट गर्ने, एउटैले धेरैवटा विवाह गर्ने अर्थात धेरैवटा जोडी छनोट गर्ने छुट आदी जस्ता विवाहका जोडी छनोट गर्ने परम्पराहरू कायम थिए । तर वर्तमानमा विकसित चेतना, ज्ञानको अभिवृद्धि, बलियो कानुन, कम तथा स्थानको परिवर्तन, तिब्र प्रतिष्पर्धा, पुँजिबादी अर्थ राजनितिको विकास, बदलिँदो विश्वव्यवस्थात्मक प्रणाली आदी जस्ता कारणहरूले गर्दा एक व्यक्तिले एउटामात्र जोडीको छनोट गर्न सक्छ । त्यस्तै विवाह विच्छेद गरेर नयाँ जोडी छनोट गर्न सक्ने कानुनी व्यवस्था समेत छ । विधवा-विदुर विवाहलाई सकारात्मक रुपमा नै हेर्ने गरिन्छ । उपर्युक्त किसीमका जोडी छनोट प्रणाली वर्तमानमा विकसित हुँदै गरेको देखिएता पनि सबभन्दा बलियो पक्ष वर तथा बधुको स्वीकृति बिना जबरजस्त जोडीको छनोट वा अभिभावकले विभिन्न सिमाहरूमा बाँधिएर गरिने, गरिदिने जोडीको छनोट प्रणाली करीब-करीब अन्त्य जस्तो भएको छ । आफ्नो स्वतन्त्रता र मनले देखेको जोडी छनोट गर्न वर तथा बधुहरूलाई छुट भएको कुरा अध्ययनहरूले देखाउँछन् ।

# अध्याय पाँच

# जोडी छनोट प्रणलीमा आएको परिवर्तन

## ५.१ बदलिँदो जीवनशैली

समाजशास्त्री जेर्हाड लेन्स्की/जीन लेन्स्कीले मानव समाजलाई सामाजिक-सांस्कृतिक उद्विकास भनिने स्वरुपअनुसार परिवर्तन भएको रुपमा लिएका छन् । यो शब्दले मानव समाजमा हुने परिवर्तन र विकासलाई जनाउँछ जुन साँस्कृतिक सूचनाहरूको भण्डारणमा हुने क्रमिक योगको बृद्धि हो । उनिहरूले प्रविधिलाई मानिसका इच्छा र चाहना पुरा गर्नका लागि वातावरणमा भएका स्रोतहरूलाई कसरी भन्ने सूचनाको रुपमा परिभाषित गर्छन् । उद्विकासको यो धारणामा सहमत हुँदै साँस्कृतिक तथा सामाजिक परिवर्तनका कारणले नेपाली समाजमा मान्छेका बदलिँदो जीवनशैलीमा आधारित भएर केही निष्कर्ष निकाल्न सकिन्छ ।

समय प्रविधिले निम्त्याएको तिब्र प्रतिस्पर्धासँगै समाजको उत्पादन सम्बन्धमा व्यापक फेरबदल आएको छ । उत्पादनका साधन र तिनको स्वामित्व सामन्तबादी शैलीमा एकिकृत हुने पुरानो शैली परिवर्तन हुँदै प्रतिष्पर्धाका आधारमा तिनको निर्धाण हुने क्रम विस्तार भएको छ । मालिक-कामदार अवस्था शासक र शासितको आधारमा नभई प्रजातान्त्रीक शैलीमा स्थापीत हुनुपर्ने मान्यताहरूको विकास हुँदै छ । आन्दोलन र संघर्षका बलमा पुराना मान्यताहरू खारेजीका अवस्थामा पुगेका छन् भने नयाँ मान्यताका जग निर्धारण गर्ने अवस्थामा वर्तमान समाज गुज्रिरहेको छनक पाउन सकिन्छ । विश्वका समाज हुँदै नेपाली समाजमा पनि यही अवस्थाको शुरुवात हुँदै गरेको उदाहरणहरू २०४६ साल र ०६२/०६३ का राजनितिक आन्दोलनहरूबाट लिन सकिन्छ । राजनितिक समस्याको टुङ्गो लागे सँगै समाजका सम्पुर्ण मान्यता र व्यवस्थाहरूमा पनि सुधार र परिवर्तन हुँदै गरेको दृष्टान्तहरू प्रष्ट देखन सकिन्छ । यसले नेपाली समाज परिवर्तनको दिशामा अग्रसर भईरहेको कुरा बुझ्न त्यती गाह्रो छैन । विवाह तथा विवाहका जोडी

छनोट प्रकृया वा प्रणालीलाई पनि समाज परिवर्तनको यो अध्यायले समेट्दै छ भन्न सकिन्छ ।

नयाँ पुस्ता वावु-बाजेमा, मुखिया-काजीमा, ठालु र आँफै गरिखान, नयाँ उत्पादनका साधनमाथी स्वामितव बनाउन, त्यसो गर्न नसके कमसेकम त्यस्ता साधनको कुशलाता पुर्वक सञ्चादन गर्न चाहन्छ । यसका साथै, यो समुह नयाँ आर्थिक लगायत राजनितिक र सांस्कृतिक संरचना तथा मुल्य-मान्यताको निर्माण गर्न चाहन्छ । यो नव-निर्माणले पारिवारिक लगायतका पारम्पारिक सम्बन्धहरूलाई पुन : परिभाषित गर्नेछ । पुराना सम्बन्धहरूले नव-निर्माण अवरुद्ध गर्छन् । पुरानो सम्बन्ध ज्यादै न्यानो लाग्ने र त्यसलाई कायम राख्ने हरूमध्ये अधिकांशको जीविको पार्जनको आधार सुक्दै जाने निश्चित छ । उल्लेख्य हदमा जीवनका विविध प्रतिष्पर्धामा सरिक र सफलतामार्फत व्यक्तिगत स्थान र हैसियत आर्जन गर्नु पर्ने नव-निर्माणाधीन समाजमा सबै सफल हुनै सक्दैनन् । गरिखाने होडमा कतिपयले, कुनै अवस्थामा आधाभन्दा पनि बढी मानिसले घुँडा टेक्छन्, कोही पछारिन्छन् र उठ्छन् र, कोही उठ्नै सक्दैनन् (मिश्र, ०६७) । प्रतिष्पर्धाको नयाँ आयामलाई समाजशास्त्री मिश्रले यसरी उल्लेख गरेका छन् । बदलिँदो जिवनशैलीको कारक तत्व मध्ये तिब्र प्रतिष्पर्धालाई यसै गरि बुझ्न सकिन्छ । दैनिकी धान्न यसतो तिब्र प्रतिष्पर्धाको सामना गर्नु पर्ने भए पछि विवाह र विवाहका जोडी छनोट प्रकृया पनि स्वत प्रभावित हुने नै भयो । यो परिवेशमा पक्कै पनि जोडी छनोट गर्ने युवा युवतीहरू आँफुलाई समाजमा टिकाइ राख्न र जिन्दगीमा सफल बन्न काम र स्थिती सुहाउँदो जोडी छनोट प्रकृयामा समावेश हुनै पर्ने वाध्यता रहन्छ । हिजोको जस्तै परम्परा धान्ने वा खानदानी पुरुष-महिला भित्राउँदैमा दैनिकी सहज नहुने भएपछी मान्यताहरू स्वत परिवर्तन हुन्छन् र नयाँ मान्यता अँगाल्नु रहर नभएर वाध्यता हुन जान्छ ।

मानिसको व्यवहार दुई किसिमले निर्माण हुन्छ । एउटा, चाहेर अर्थात सिकाएको जे छ, त्यही आधारमा गरिने व्यवहार । दोस्रो, व्यक्ति उच्छृङ्खल हुन थालेको बेला उसलाई, परिवार, समाज र राज्य यन्त्रले गर्ने नियन्त्रण । त्यसकारण सामाजिकीकरण र सामाजिक नियन्त्रण दुवै उत्तिकै महत्वपुर्ण कुरा हुन् । अहिलेका पुराना खालका सामाजिकीकरण र

सामाजिक नियन्त्रणका बैधानिकता हराएको बेला हो । त्यो बैधानिकता अब अर्कैतिरबाट आउनु पर्छ (मिश्र,२०६७) ।

उनले भने झैं वर्तमान नेपाली समाज पुरानो मान्यताबाट चलिरहन सम्भव देखिएको छैन । त्यसकारण मान्छेहरूमा पुराना मान्यताहरू प्रति सकारात्मक हुँदै पनि जिवीकोपार्जन सम्भव देखिँदैन । आर्थिक, राजनैतिक र कानुनी रुपमै पनि मान्छेहरू पुराना मान्यता लत्याउँदै जाने मनस्थितिमा देखिन्छन् । प्रेम, सद्भाव जस्ता नितान्त भावनात्मक कुराहरू पनि पुरानै शैलिमा सोचिरहन अनुत्पादक लाग्दैछन् । घरधान्ने, परिवारको जिम्मेवारी पुरा गर्ने भनेर घोत्लीने समय प्रयाप्त हुन सकेको देखिँदैन । प्रविधि र सञ्चार जस्ता कुराहरूको तिब्र विकास भइरहेको छ । बजारको नयाँ तरिकाले विस्तार भइरहेको छ । उत्पादनका साधनहरूलाई नयाँ तरिकाले सञ्चालन गर्न नसक्दा उत्पादनमा व्यापक ह्रास आउँदैछ । आदी इत्यादी कारणहरूले गर्दा मान्छेहरू एकै ठाउँमा बसि रहेर वा पुर्खौली थात थलो धानेर बस्दा मात्रै दैनिकी धान्न सक्ने अवस्थामा छैनन् । त्यसकारण काम र जिवीकोपार्जनको सुरक्षा तथा सुन्दर भविष्यको कल्पना गर्दै स्थान र सोंच परिवर्तन गर्दै आफुलाई उत्पादनसँग जोडीरहेका छन् । जसका कारण मान्छेहरूको जीवन शैली परिवर्तित भैरहेको छ ।

यसरी स्थान र कामको प्रकृति फरक भए सँगै मान्छेका साँस्कृतिक मान्यताहरू पनि सँग सँगै परिवर्तन हुँदै गएका छन् । विशेष गरी मान्छे भित्र चेतन र अवचेतन मष्तिष्कहरू कायम हुन्छन् । मान्छेले आर्जन गर्ने ज्ञान र चेतना त्यहीँ पुगेर भण्डारण हुन्छन् र सोही बमोजिम मान्छेलाई निर्देशित गर्दछन् । यसरी मान्छेलाई प्राप्त हुने ज्ञान र चेतना निर्माण गर्न वरीपरिको भौतिक र अभौतिक वातावरणले भुमिका खेल्छ । यिनै तत्वहरूको अन्तर घुलन हुँदै समाज र सामाजिकरणको स्थापना हुने र सञ्चालन हुने गर्छ । यो सम्पुर्ण मानव समाजको नियमित प्रकृया हो । मानव सभ्यताको शुरुआती चरणबाट हालसम्मको वस्तु स्थितीलाई अध्ययन अवलोकन गर्दा यही कुराको अवगत हुन्छ । यि सम्पुर्ण कुराहरूको अध्ययनले समाज परिवर्तन सँगै मान्छेहरूको दैनिकी तथा जीवनशैली पनि परिवर्तन हुन्छ भन्ने कुरा अवगत भएको छ ।

पछिल्लो समय विश्वका समाजहरूमा जस्तै नेपाली समाजमा पनि मान्छेहरूको दैनिकी तथा जीवनशैली बदलिँदै गरेको आभास हुन्छ । खान-पान, रहन-सहन र सम्पुर्ण कुराहरूमा गुणस्तरीयताको मात्रा बढीरहेको देख्न सकिन्छ । पुँजीबादी अर्थ व्यवस्थाको असर तथा संस्कार, संस्कृतिको विश्वव्यापी प्रसारले नेपाली समाजलाई पनि छोएको छ । जसका कारण नेपाली समाज बदलिंदो अवस्थामा छ । समाजको बदलिंदो स्वरुप सँगै मान्छेका दैनिक जीवनहरूमा पनि बदलाब आएको उदाहरणहरू देख्न सकिन्छ । पहिलेका उत्पादन सम्बन्ध र दैनिकी गुजार्ने माध्यम तथा वर्तमानको स्थिती, लवाई-खवाई, सूचना आदान-प्रदान गर्ने माध्यम आदी जस्ता कुराहरूमा परिवर्तन हुँदै दैनिकी सहज पनि भएको छ भने परिवर्तित परिस्थितीलाई धान्न कमाउनु पर्ने बाध्यता पनि छ । फेरीएको उत्पादन सम्बन्धले उत्तिकै मात्रामा चुनौती पनि थपेको छ । जसरी पनि उत्पादन नगरेमा अस्तीत्व संकटमा पर्ने निश्चित हुन्छ । नयाँ परिवेशले जन्माएका साधन र प्रविधिलाई उपभोग नगर्दा दैनिकी सहज छैन, भने उपभोग गर्दा धेरै मेहनत र संघर्षको जरुरी छ । अर्थात मान्छेहरूलाई नयाँ परिवेशले गर या मर को स्थीतीमा पुऱ्याइदिएको छ । जसरी पनी काम गर्नै पर्ने र जसरी पनि उत्पान गर्नै पर्ने र जसरी पनि आम्दानी बढाउनै पर्ने स्थितीमा मान्छेहरू छन् । यस्तोमा पुरानै उत्पादनका साधनहरूलाई पुरानै शैलीले परिचालन गरेर सम्भव छैन । बढ्दो जनसंख्या सँगै भुमिको मात्रा कम हुँदै जाँदा उद्योग कलकारखानाको आवश्यकता खड्कीन्छ । मान्छेका रुची र आवश्यकता बढ्दै गएपछि तिनको खरिद बिक्रीको लागि उपयुक्त बजारको खोजी हुन्छ । पुर्खौली थलोमा आम्दानीको सिमित मात्रै उपलब्धता हुने भएपछि स्थान परिवर्तन गर्नुपर्ने हुन्छ । यसरी मान्छेहरूमा आइलाग्ने समस्याहरूका कारण पुराना अन्तरसम्बन्ध हरूको विस्तारै अन्त्य हुँदै जाने र नयाँ अन्तरसम्बन्ध हरूको विकास हुँदै जाने क्रम शुरु हुन्छ । यस्तोमा संयुक्त परिवारबाट एकल परिवार, नाता सञ्जालको फराकिलो दायरा साँघुरीने जस्ता भावनात्मक कुराहरूमा समेत परिवर्तन आउँछ । यसरी परिस्थितीले हरेक कुरामा ल्याएको परिवर्तन सँगै सामाजिक सम्बन्धहरूमा पनि व्यापक परिवर्तन आएको छ । सामाजिक परिवर्तन सँगै मान्छेहरूका दैनिकी र जीवन शैलीमा पनि व्यापक परिवर्तन आइरहेको छ । यसरी मान्छेहरूको परिवर्तित जविन शैलीको आवश्यकताले निम्त्याउने सामाजिक व्यवहारलाई पुरानै तरिकाले धानिरहन सम्भव नहुने देखिन्छ ।

जलजला गाउँपालिका वडा नं. ७, पर्वतमा गरिएको अध्ययनमा पनि ६० प्रतिशत युवाहरूले काम, पेशा र आफ्नो स्तर अनुसारको जोडी छनोट गरेको तथ्य प्राप्त भएको छ । अतएव मान्छेहरूले गर्ने हरेक सामाजिक क्रियाक्लापमा परिवर्तन देखिन्छ । यसरी विवाह र विवाहका जोडी छनोट प्रणालीमा पनि यसै परिवर्तित जीवनशैलीले भुमिका खेलेको छ भन्ने उदाहरण प्रस्तुत गर्न सकिन्छ ।

## ५.२. पर्वत जलजला-७ मा विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन

### ५.२.१ तिब्र परिवर्तित जीवनशैली

वि.सं. २०६८ सालको जनगणना अनुसार पर्वतको जलजला गाउँपालीका वडा नं.७, धाइरिङको जनसंख्या कूल जम्मा ३४५६ रहेको देखिन्छ । स्रोत : नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग ।

राष्ट्रिय श्रम प्रतिष्ठान-नेपाल, काठमाण्डौले सन् २००३ मा प्रकाशित गरेको विवरणमा यहाँ करीब ८०० घरधुरी मध्ये ७८ कृषी जग्गामा मात्र, ४९५ कृषि जग्गा र पशुपालन, कृषि जग्गा र कुखुरा पालनमा ५, कृषि जग्गा र पशुपंक्षि १११, पशुपालन मात्र १४, कुखुरा पालन मात्र २, पशुपंक्षि पालन ३, केही पनि नभएका ९२, भुमिहीन १११, गैह्र कृषि उत्पादन ३, व्यापार व्यवसाय ३५, सेवा ८, अन्य २ गरी जीवीको पार्जनमा संलग्न भएको कुरा प्रस्तुत गरिएको छ ।

त्यस बाहेक गाउँको भुगोल अनुसार तिन खण्डमा विभाजित ठाउँको भ्रमण अवलोकन र सामाजिक अगुवाहरूको अन्तरक्रियाबाट प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा गाउँबाट अस्थायी र स्थायी रुपमा बसाइँ सरी जानेहरूको संख्या तिब्र देखिएको छ । रोजगारको सिलसिलामा विदेशिने युवाहरूको संख्या ६० प्रतिशत भन्दा बढी छ भने स्वदेशी रोजगार तथा अन्य पेशा व्यवसायमा संलग्न हुन जानेको संख्या पनि उत्तिकै रहेका छ । परम्परागत कृषि व्यवसायमा अत्यन्त कम युवाहरू मात्र संलग्न छन् । बुढौली र आश्रीत हुँदै गरेका नागरिकहरूले परम्परागत कृषि पेशालाई धिकिर-धिकिर धानीरहेको अवस्था त्यस गाउँमा देख्न सकिन्छ । स्थलगत अवलोकन र सामुहिक र व्यक्तिगत छलफलमा उपस्थित महानुभावहरूको राय सुझाबका आधारमा संकलीत तथ्य अनुसार

अहिलेको धाइरिङ गाउँ निवासी मान्छेहरूको लागि घर केवल उपभोग गर्ने र सामाजिक, सांस्कृतिक संस्था धान्ने थलोका रुपमा मात्रै सिमित भएको छ । विवाह, पर्वहरूमा समावेश हुन वर्षमा एकाध पटक जन्मथलो घरमा आउने बाहेकको समयमा बाहेक धेरै जसो घरपरिवारका उत्पादन प्रकृयामा जोडीन बाहिरै रहने गरेको तथ्यहरू भेटीएका छन् । यसरी घरबाहिर रहने मान्छेहरूको सांस्कृतिक व्यवहार पक्कै पनि आधुनिक हुन्छ । उनिहरूले सिकेका अनुभव र ज्ञानका आधारमा नयाँ संस्कार र संस्कृति व्यवहारमा देखिन्छन् । विवाह र विवाहका जोडी छनोट प्रकृयामा यिनै घटनाक्रमहरूले भुमिका खेल्दछन् ।

जीवन धान्ने परम्परागत खेतीपाती तथा पशुपालन व्यवसाय र पुरानो उत्पादन सम्बन्ध करीब करीब जीर्ण अवस्थामा पुगेको पाइयो । घरमै उत्पादीत अन्नले वर्षभरी खान पुग्थ्यो । न्युन जनसंख्या र भरपुर खेतीयोग्य जमिन, वनपैदावर र प्राकृतिक स्रोत साधनको राम्रो उपलब्धताले सहज जीवन निर्वाह हुने वातावरण थियो । विस्तारै बृद्धि हुँदै गएको जनसंख्यालाई धान्न भुमिको मात्राले नपुग्ने भए पछि उत्पादन र रोजगारीका विकल्प खोज्ने बाध्यता बढ्दै गयो । त्यसलाई व्यवस्थापन गर्न चुनौतिहरू बढ्दै गए । पुरानो उत्पादन सम्बन्धले जीवीको पार्जन सम्बभ नहुने भएपछि मान्छेहरू नयाँ विकल्प खोज्न तल्लीन हुँदै गए । यो क्रमसँगै पुरानो सामाजिक अन्तरसम्बन्धका विषयवस्तुहरूमा पनि परिवर्तन हुँदै नयाँ आधार खडा हुन थाले । पहिले ढिकी जाँतोमा अन्न पात पिँधिन्थ्यो भने त्यसको ठाउँमा राइस मिल प्रयोग गर्न थालियो । पहिले गोरुले जोत्ने खेतबारीमा ट्याक्टरले जोत्न थालियो । उत्पादित बस्तुलाई बोकेर बजार सम्म पुऱ्याइन्थ्यो भने आजभोली गाडीले बजार पुऱ्याउने व्यवस्था छ । पहिले घरमै उत्पादीत वस्तुको भरमा मात्रै बाँच्नु पर्दथ्यो भने अहिले घर बाहिर कमाएको पैसाले वस्तुको उपभोग गर्न सकिन्छ । यसरी मान्छेका दैनिक जीवनमा आएको परिवर्तनले सामाजिक जीवनमा पनि उस्तै परिवर्तन ल्याएको छ । यस सँगै पुराना मान्यतामा आधारित सामाजिक संस्थाहरू परिवर्तन र तिब्र परिवर्तनको संघारमा रहेका प्रशस्त उदाहरणहरू देखिए ।

प्रविधि र सूचनाको विकास र विस्तार सँगै धाइरिङ गाउँमा पनि त्यसको उपभोग गर्ने शतप्रतिशत अर्थात झण्डै ९० प्रतिशत जनसंख्याले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा त्यसको

भरपुर उपयोग गरेको पाइयो । एफ.एम. रेडीयो जस्ता सुचनाका माध्यमबाट सुसुचित हुने घर खाली छैन । त्यस्तै हात हातमा फोन र सामाजिक सञ्जालका प्रयोगकर्ताहरूको पनि उस्तै उपस्थिती देखियो । यस हिसाबले हेर्दा विश्वका मानव समाजहरूमा प्रचलित मान्यताहरूको अध्ययन र सिको गर्नलाई कुनै अभियान सञ्चालन गर्नु नपर्ने अवस्था त्यहाँ देखियो । चेतनाको यो सर्वव्यापकता सँगै धाइरिङका जनसमुदायमा बदलिँदो जीवनशैलीलाई नजिकबाट देख्न सकिन्छ ।

अतएव सामन्तबादी अर्थ राजनितीले निर्धारण गरेको पुराना शैलीका विवाह पद्धति र विवाहका जोडी छान्ने तरिकाहरू नयाँ मान्छे र नयाँ समाजका लागि उपयोगी हुन नसक्ने वस्तु स्थितीलाई छलफलमा उपस्थित महानुभावहरूले छर्लङ्ग पारेका छन् । पुराना मान्यता अनुसार मोल बोक्ने, खेतालो धान्ने, दाउरा काट्ने वा धान कुट्न सक्ने बुहारी अथवा जोडीको आवश्कता हुन्थ्यो र सोही बमोजिमको जोडी छनोट गर्ने चलन चल्तीमा थियो । अहिले जागीर खाने, वैदेशिक रोजगारीमा गएर पनि कमाउन सक्ने, दक्ष र शिक्षत बुहारी वा जोडीको आवश्यकता हुन्छ ।

### ५.२.२ प्रविधी र सामाजिक सञ्जालको विकास

पुरानो उत्पादन प्रकृयामा अधिकत्तम मानवीय श्रम उपयोग गरेर वस्तुको उत्पादन तथा विनिमय गरिन्थ्यो । कृषि र पशुपालन जस्ता सिमीत उत्पादनका क्षेत्र मात्रै मान्छेहरूलाई उपलब्ध थिए । घरकै गोठे मल र बाउसो तथा हलो जस्ता सामान्य साधन उपयोग गरेर खेतीपाती गरिन्थ्यो भने पर्म तथा खेताला प्रविधी अपनाएर उत्पादनलाई बढाइन्थ्यो । धेरै भुमिमा कम खर्चबाट उत्पादन गर्दै मानवीय आवश्यकता पुरा गर्ने गरिन्थ्यो । ढिकी, जाँतो जस्ता प्रारम्भिक प्रविधी प्रयोग गरेर खर्चको दायरालाई सिमित गर्नुपर्ने बाध्यता थियो । यसरी धान्नु पर्ने तत्कालीन समाजका मान्छेको जीवनलाई व्यवस्थीत गर्न सोही बमोजिमका सामाजिक मान्यता वा संस्कारहरू निर्धारण हुँदै प्रचलनमा रहेका थिए । परिवार, नातागोता, पर्व र रितीरिवाजको सोही बमोजिमको व्यवस्था थियो । सोही बमोजिम तत्कालीन समाजलाई व्ययवस्थि तगर्न श्रमको विभाजन समेत गरिएको थियो । उत्पादनका सामाग्री नाउने, सेना पुलिसमा जागिर गर्ने, पुरोहित, हलि आदी-आदी जस्ता कामहरू गर्ने सम्प्रदाय वा समुदाय र व्यक्तिको स्थापना समेत गरिएको थियो ।

जनसंख्याको बृद्धि सँगै भुमिको उत्पादकत्व कम हुँदै गयो । यस अवस्थामा थोरै भुमिबाट धेरै उत्पादन गर्नु पर्ने आवश्यकता बढ्दै गयो । त्यस अनुसार उन्नतजातको बिऊ बिजन, कम्पोष्ट जातका मलहरू, किटनाशक औषधी जस्ता प्रविधिको विकास भयो । यसले उत्पादनको मात्रा बढ्दै गयो भने खर्चको पनि बृद्धि हुँदै गयो । खर्चको जोहो सोही अनुरुप मिलान हुँदै गयो । कालान्तरमा कृषि पेशाले मात्रै जीवीको धान्न असजीलो हुन थाले पछि मान्छेहरू उत्पादनका नयाँ शैलीहरू अपनाउन थाले । यस सँगै मान्छेहरूको स्थानान्त्रण हुने प्रकृया पनि बाक्लीन थाल्यो । परम्परागत ठाउँमा बसेर जीवीको पार्जन सम्भव नदेख्नेहरूले स्थायी वा अस्थायी रुपमा बसाइँ सराई सर्न थाले । यस सँगै पुरानो तवरले गरिएको श्रम विभाजनमा पनि परिवर्तन हुन थाल्यो । पुराना तवरमा स्थापीत सामाजिक मान्यता वा दायराहरूमा खटपट शुरु भयो । ढिकी जाँतोलाई राइसमिलले र बाउसो कोदालोलाई ट्र्याक्टर आदीले विस्थापीत गर्दै गए । खेतीपातीको परम्परागत शैली र आधुनिक शैलीका बारेमा सूचना संकलन गर्ने सञ्चारका माध्यम मान्छेका हात हातमा उपलब्ध हुन थाले । टेलीफोन, इन्टरनेट र फेसबुक जस्ता सामाजिक सञ्जालहरूको उपलब्धताले अन्य समाजका घटनाक्रम र मान्यताहरू बुझ्न तथा सत्य-तथ्य जाँच्न हरेक परिवारका सदस्यहरू सक्षम बन्दै छन् । जसका कारणले पनि मान्छेहरूमा सकरात्मक धारणा बन्न र त्यसलाई प्रयोग गर्न सहज हुँदै गएको छ । त्यसले पनि सामाजिक परिवर्तन ल्याउन भुमिका खेलेको छ ।

यसरी व्यक्तिका जीवनमा आएको व्यापक परिवर्तन सामाजिक अन्तरसम्बन्धमा पनि देखिन थाल्यो । के राम्रो र के नराम्रो भन्ने कुरा हरेक व्यक्तिले छुट्टाउन सक्ने स्थितीको सिर्जना भयो । खान हुने र नहुने कुरा, गर्न हुने र नहुने कुरा आदी जस्ता पाटाहरूलाई हरेक व्यक्तिले दृष्टिकोण वा धारणा बनाउन सक्ने भयो । यस्तोमा सामाजिक रितीरिवाज वा परम्परालाई बलपुर्वक भन्दा पनि स्वइच्छाले उपभोग गर्न सक्ने वातावरण सामाजिक सञ्जाल र प्रविधि जस्ता माध्यमहरूले प्रसार गर्ने सूचनाहरूले भुमिका खेल्यो । १०० जोडीमा गरिएको अध्ययनमा जोडीहरू स्वयंको निर्णयमा छनोट भएर विवाह भएका ६० प्रतिशत उदाहरण भेटीए भने यस्तो निर्णयमा पुग्न जोडीहरूलाई सजिलो माध्यम फेसबुकं

जस्ता सामाजिक सञ्जाल र सञ्चार माध्यमले भुमिका खेलेको भनेर बताउने जोडीहरूको संख्या ३० प्रतिशत देखियो ।

यसरी हेर्दा सर्वव्यापी सामाजिक संस्था विवाह र विवाहका जोडी छनोट जस्ता प्रणालीमा प्रविधि र सञ्चार जस्ता तत्वले परिवर्तन ल्याउन भुमिका खेलेको देखिन्छ ।

### ५.२.३ काम र स्थान परिवर्तन

व्यक्तिगत भेटघाट, सामुहिक छलफल र धाइरिङमा घटीत केही सामाजिक घटनाक्रमहरूलाई अध्ययन गर्दा यहाँका ६० प्रतिशत युवाहरू कामको खोजीमा बैदेशिक रोजगारीमा भएको तथ्य फेला पऱ्यो । बाँकी ४० प्रतिशत मध्ये सरकारी र गैह्र-सरकारी पेशामा ३० प्रतिशत र बाँकी रहेका १० प्रतिशतले मात्रै परम्परागत कृषि पेशा धान्दै आएको देखियो । यसरी हेर्दा धाइरिङको उत्पादनले यहाँको जनसंख्या धान्नै नसक्ने अवस्था छ । ९० प्रतिशत बाहिरैबाट कमाइ आएको उत्पादनले यहाँको जनजीवन धानिएको देखिन्छ । उत्पादन सँग जोडीन अस्थायी वा स्थायी रुपमा धाइरिङ छोडेका युवाहरूबाट गाउँमा पुँजी सँगै नयाँ ज्ञान, चेतना, अनुभव र साँस्कृतिक पक्षहरूको समेत निर्यात हुन्छ । आफ्नै सोंच र योजनामा गाउँमा उत्पादन हुन नसक्नु र गाउँमै रोजगारीको सृजना हुन नसक्नुमा पुरानो संस्कारले समेत काम गरेको कुरा छलफलमा उपस्थित सूचनादाताहरूको भनाई छ । कतिपय युवाले वैदेशिक संरचना, निति जस्ता कुराहरूबाट प्रभावित हुँदै गाउँमा व्यवस्थित उद्योग सञ्चालन गर्न प्रयत्न गर्न खोज्दा असफल भएको कुरा औंल्याएका छन् । वर्ष ३० का टिकाराम पौडेलले मलेशियामा देखेको माछा पालनलाई आफ्नै गाउँमा प्रयोगमा लयाउन खोजेका थिए । तर धानखेत मासेर माछा पालन गर्न नहुने पारिवारिक दबाब तथा समाजका अन्य मान्छेहरूबाट सकारात्मक सहयोग भन्दा पनि खिसीटिउरी गर्न थालेपछी उनि पुनः विदेशिए । त्यस्तै वर्ष ३९ का टेकनारायण आचार्यले १० वर्षको दुवै बसाइँ पछि गाउँमै कुखुरा पालन गर्ने सोंच बनाएका थिए । तर ब्राह्मणका घरमा कुखुरा अशुद्ध हुन्छ भन्ने सामान्य कुराले नै विचलीत हुन पुगेपछी उनको योजना कर्कलाको पानी जस्तै बनेको छ । त्यस्तै साउदी बस्दै आएका रामु वि.क. (३८) छुट्टीको एक महिनामा हतार-हतार विवाह गरेर उतै फर्किए । पाँच वर्ष सम्मको अन्तरालमा उनकी श्रीमती सासु-ससुरा सँग मिल्न सकिनन् ।

छोरी पढाउने र केही पेशा गर्ने बहानामा शहर झरीन् । उनले नाई नास्ती गरेनन् । कमाएको पैसा चुपचाप श्रीमतीलाई पठाए । पाँच वर्ष पछि नेपाल फर्कदाँ उनको सम्पुर्ण कमाई सहित श्रीमती अर्कै सँग गइन् । यसरी परिवार विगठन भएका अरु धेरै युवाहरूको उदाहरण छलफलमा सहभागीले दर्ज गराएका छन् । आजभोलीका विवाहका जोडी छनोट गर्दा यस्ताखाले घटनाक्रमलाई पनि मध्येनजर गर्दै विवाह पुर्व आफ्नो जोडीलाई खुलस्त पार्ने र मात्रै जोडीको छनोट गर्ने प्रचलन पनि रहेको कुरा सहभागीहरूले बताए । यी युवाहरूको योजना र पुर्व सचेतताका प्रतिनिधि घटनाक्रमहरू हुन् । उत्पादनशिलतामा ब्रेक लगाउने यस्ता कैयौं सामाजिक घटनाक्रमका प्रतिनीधि उदाहरण हुन यि । यीनै घटनाक्रमहरूले नयाँ र पुराना मान्यताहरू विचको टकरावलाई प्रष्ट पार्छ । पुरानो उत्पादन सम्बन्धले नधानिने भएपछि मान्छेले नयाँ विकल्प खोज्छ । नयाँ विकल्प आफ्नो ठाउँमा नभेटीए पछि स्थान परिवर्तन गर्नुपर्ने मान्छेको बाध्यता हो । यीनै बाध्यताहरूको कारण जलजला-७, धाइरिङका बासिन्दाहरू स्थान परिवर्तन गर्ने गरेका छन् ।

यसरी स्थान परिवर्तन गरेकाहरू मध्ये कैयनले गाउँ नफर्किने गरी व्यवस्था मिलाएका छन्, भने कतिपय निश्चित अवधी पछि गाउँ फर्किएका पनि छन् । फर्किनेले नयाँ सोंच र नयाँ परिवेश अनुसार आँफुलाई ढालेका छन् । साथै अर्को समाजमा बस्नेहरू पनि आधुनिकताले निम्त्याएको परिधी भित्रबाट आवश्यकता परिपुर्ति गर्दै छन् । यस अध्ययनमा हामीले कामका सिलसिलामा हुने स्थान परिवर्तनले सामाजिक मान्यतामा कस्तो परिवर्तन ल्याएको छ भनेर जाँच्ने प्रयास गरेका छौं । विशेष गरी विवाह संस्कारमा आधारित हुँदै विवाह पद्धती र विवाहका जोडी छनोट प्रकृयामा स्थान परिवर्तनले के-कसरी परिवर्तन ल्याएको छ भनेर बुझ्न खोजेका थियौं । अधिकांशको जवाफ विवाह र विवाहका जोडी छनोट प्रणाली नितान्त व्यक्तिगत मामला भएकाले आफ्नो विवेकको प्रयोग गर्न जोडीहरू स्वतन्त्र भएका र हुनुपर्ने धारणा व्यक्त गरे । साथै बाहिरका समाज र प्रकृयाका अनुभव सँगालेर फर्किएकाहरूले समुदाय, भुगोल आदी हेरेर विवाहका जोडी छनोट गर्नु भन्दा पनि दक्षता र आफुँ सुहाउँदो जोडीको छनोट गरेमा सफल जीन्दगी हुनसक्ने उदाहरणहरू प्रस्तुत गरे । यस हिसाबले हेर्दा स्थान परिवर्तन सँगै मान्छेको चेतमा व्यापक परिवर्तन आएको देखियो । यसरी कामका सिलसिलामा विभिन्न ठाउँ

घुमेर र बुझेर आएका मान्छेहरू सँगै भित्रिएका यिनै धारणाहरू आम मान्छेका साझा धारणा बन्दै छन् । यसैका आधारमा नयाँ सामाजिक संरचनाको विकास हुँदैछ । विवाह र विवाहका जोडी छनोटमा प्रणालीमा पनि काम र स्थान परिवर्तनले सोही बमोजिम भुमिका खेल्दै छ ।

## ५.२.४ चेतना अभिबृद्धी

शिक्षक, डिल्लीराम पौडेल (३७) का अनुसार १५-२० वर्ष पहिला गाउँमा एस.एल.सि. परिक्षा पास गरेको मान्छे सिमित मात्रै थिए । अहिले यस गाउँमा एम.ए. नगरेको घर बिरलै छ । औपचारिक शिक्षा हाँसिल गरेका मान्छेहरूको दलील पेश गर्दै उनले भने । त्यस्तै नेपाल सरकारको अहिले लागु गरेको ग्रेडीङ प्रणालीको अवधारणाले कक्षा १२ सम्म अनिवार्य गरेका विद्यार्थीहरू भेटीने छन् । त्यस्तै विद्यालय नजानेहरूका लागि पनि सूचना प्राप्त गर्ने माध्यमहरू प्रशस्तै छन् । रेडीयो टेलीभिजन जस्ता साधनहरू लगायत अनलाइन पत्रपत्रीकाहरू समेत विद्यालय जान नपाएकाहरूको भरपर्दो ज्ञान हाँसिल गर्ने माध्यम बनेका छन् । व्यक्तिगत स्वास्थ्य, यौन शिक्षा, प्राविधिक शिक्षा र सूचनाहरू करिब-करिब सबैको पहुँचमा पुगेका छन् । यसबाट कस्तो व्यवसाय गर्ने ? कसरी जीवन धान्ने ? कसरी उत्पादन बढाउने ? वा कसरी गुणस्तरीय जीवन जिउने ? भन्ने सन्दर्भ कसैले कसैलाई सिकाउन भन्दा पनि मान्छेहरूले आफै त्यसको व्यवस्थापन गर्न सक्ने हैसियत राख्छन् । त्यसबाहेक सामाजिक साँस्कृतिक पक्षहरू, समाजको अन्तरबिरोध आदीजस्ता कुराहरूमा हरेकले आफ्ना धारणाहरू बनाउन सक्षम छन् । विश्वका मानव समाजमा प्रचलित सामाजिक व्यवस्था तथा तिनका गुण र दोषहरूका बारेमा मान्छेहरूका आ-आफ्नै दृष्टिकोणहरू बन्ने गरेका छन् । कुनचाँही राम्रो ? र कुनचाँही नराम्रो ? भनेर बहस छलफल वा विमर्श गर्न पनि मान्छेलाई सहज जस्तो बन्दैन । अरुको दबाब वा पहुँचमा भन्दा पनि आवश्यकताले जे निर्धारण गर्छ त्यसैलाई पछ्याउने गरी मान्छेहरूको स्वभाव निर्धारण हुँदैछ । मान्छेहरूका चेतना अभिबृद्धिका कारण यी यावत कुराहरू सम्भव हुन सकेको हो । मान्छेका चेतना अभिबृद्धि गर्न यस्ता औपचारिक र अनौपचारिक मान्यताहरूले काम गरेको छ ।

यसरी समाजका मान्छेहरूको चेतना अभिबृद्धि सँग सँगै पुराना सामुहिक कतिपय क्रियाक्लाप विस्तारै व्यक्ति केन्द्रीत पनि हुँदै छन् । परिवार, आफ्नो नाता-सञ्जाल, समुदाय जस्ता तत्वहरूमा एकाकार हुँदै सम्पन्न गरिने कतिपय सामाजिक क्रियाक्लापहरू अब व्यक्ति एक्लैले आफ्नै निर्णयमा सम्पन्न गर्न सक्ने सामाजिक आधारहरू पनि खडा हुँदै गएका छन् । कतिपय पश्चिमा देशहरूमा प्रचलित सामाजिक मान्यताहरू विस्तारै नेपाली समाजमा पनि प्रसार हुँदै गएको कुरा अनुभुत गर्न सकिने थुप्रै आधारहरू भेटीएका छन् । अर्थात व्यक्तिको जीवनमा असर पर्ने खालका व्यक्तीगत निर्णय व्यक्ति स्वयंले गर्न पाउनु पर्छ भन्ने मान्यताले विस्तारै सर्वव्यापकता पाउने क्रममा छ । विवाह र विवाहका जोडी छनोट प्रणालीका सन्दर्भमा पनि त्यसै गरी मान्छेका धारणाहरू पलाउने गरेका छन् । पुरातन मान्यता अनुसार गरिने विवाह र विवाहका जोडी छनोट जस्तै : मागी विवाह, बहु-विवाह, चोरी विवाह, साटासाट विवाह, जर्बजस्ती विवाह आदी जस्ता तरिकाबाट जोडीको छनोट गर्ने परम्परा विस्तारै प्रेम विवाह र जोडीहरूको काम तथा दक्षता मिलाई जीवन र दैनिकी सहज हुने तरिकाले छनोट गर्ने प्रचलनमा परिणत हुँदैछ । यसलाई मान्छेले अभिबृद्धि गरेको चेतना स्तरले काम गरेको भनि बुझ्न सकिन्छ ।

# अध्यायः छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

नेपाली समाज अहिले तिब्र परिवर्तनको संघारमा उभिएको छ । लामो समय सामन्तबादी अर्थराजनिती तथा यसले निर्धारण गरेका मान्यताहरूबाट सञ्चालीत समाज व्यवस्था अहिले आएर पुँजीबादी अर्थ राजनिती र यसले निर्धारण गर्ने सामाजिक मान्यताहरूलाई अँगाल्दै विकसित हुने क्रममा छ । कतिपय अवस्थामा अझै पनि सामन्तबादी मान्यातका आधारहरू पनि अझै प्रचलित देखिन्छन् भने धेरै प्रतिशतमा पुँजिबादी मान्यताकै आधारमा समाज सञ्चालन हुँदै गरेको देखिन्छ । यस हिसाबले सम्पुर्ण रुपमा पुजिँबादी मान्यतामा तंग्रिन पनि नसकेको र पुरानो सामन्तबादी मान्यताको धङधडीबाट पनि मुक्त हुन नसकेको उदाहरणहरू देख्न सकिन्छ । यस हिसाबले भन्नु पर्दा अहिलेको नेपाली समाज अर्ध सामन्ती र अर्ध पुँजीबादी मान्यतालाई अङ्गिकार गर्दै अगाडी बढीरहेको भएता पनि विकसित प्रविधि, सञ्चार, सामाजिक सञ्जाल आदीमा भएको विकासले समाजका हरेक संघ संस्थामा परिवर्तन ल्याएको छ । जसका कारण उत्पादन सम्बन्ध र सामाजिक अन्तरबिरोधहरू नयाँ ढङ्गले विकसित हुँदैछन् । यसरी थपिँदै गएका घटनाक्रमहरूले नयाँखाले सामाजिक जटिलताहरू उत्पन्न गराएका छन् । त्यसको समाधान गर्न आवश्यकता अनुसारका विधि र प्रविधिहरूको विकास गर्नै पर्ने नयाँ मोडमा नेपाली समाज उभिएको छ ।

उल्लेखित सामाजिक समस्याको कारण विभिन्नखाले आर्थिक, सामाजिक र राजनैतिक आन्दोलन सँग-सँगै परिवर्तनहरू पनि  हुँदै आएका दृष्टान्तहरू पृष्ठभुमिमा छर्लङ्गै देख्न सकिन्छ । राजनितिक आन्दोलन र संघर्षका घटनाक्रमहरूलाई समाजशास्त्रीय आँखाले हेर्नुपर्दा समाजका तत्कालिन आवश्यकताहरूको समाधान खोज्न त्यस्ताखाले विरोधका कार्यक्रम उठान हुने गर्छन् भन्न सकिन्छ । सम्पुर्ण समाजको मुल नेतृत्व भनेको राजनिती

हो । यसैले समाजमा व्याप्त मान्यताहरू जस्तै : धर्म, कानुन आदी जस्ता मान्यताहरूको निर्माण र नेतृत्व गर्दछ । कतिपय विकसित देशहरू विषेशत पश्चिमा देशहरूको समाज व्यवस्थालाई हेर्दा ति देशहरूले अभ्यास गरेका राजनैतिक व्यवस्थाहरूलाई उदाहरण मान्ने हो भने पनि समाज व्यवस्था र राजनैतिक व्यवस्था एक अर्काका परिपुरक हुन् भन्न सकिन्छ । नेपाली समाजको पुर्ववत कालखण्ड र वर्तमान कालखण्डलाई अध्ययन गर्दा क्रमिक रुपमा सामन्तबादी मान्यताबाट पुँजीबादी मान्यताहरूलाई आत्मसाथ गर्दै अगाडी बढीरहेको कुरा फेरी पनि दोहोर्‍याउन सकिन्छ । धर्म, संस्कार, सामाजिक स्तरीकरण आदी जस्ता तत्कालीन समाज व्यवसथालाई चलाउन निर्माण गरिएका मान्यताहरू वर्तमानमा कामयावी नभए पछि तिनलाई सुधार या परिवर्तन आवश्यक अवस्य पर्छ । बँदलिदो सामाजिक परिवेशलाई सुहाउँदो र मानविय आवश्यकता पुरा गर्न समाजका सम्पुर्ण संस्थाहरूमा सुधार या परिवर्तन हुँदै आएका छन् । यसै सन्दर्भको विवाह र विवाहका जोडी छनोट प्रणालीमा पनि समयानुकुल सुधार र परिवर्तनहरू हुँदै आएका छन् ।

यस अध्ययन प्रकृयामा विशेषत हामीले विवाह र विवाहका जोडी छनोट प्रणालीको बारेमा तथ्याङ्क संकलन गर्ने र तिनको व्याख्या तथा विश्लेषण गर्दै सामान्यीकरण वा निष्कर्ष निकाल्ने काम गर्यौं । जस अनुसार नेपाली समाजमा विवाह गर्दा विवाहका जोडी छनोट गर्ने परम्परागत काइदा र आधुनिक काइदाहरूको बारेमा छुट्टा-छुट्टै अध्ययन गर्‍यौं । त्यस्तै पहिले प्रयोगमा ल्याइने जोडी छनोटका तरिका त्यस्ता तरिका अपनाउनु पर्ने कारण तथा तिनको निर्धारक तत्वहरूका बारेमा पनि अध्ययन गर्‍यौं । त्यस्तै वर्तमान वा आधुनिक समयमा विवाहका जोडी छनोट प्रणाली र तिनका निर्धारक तत्वहरूका बारेमा पनि अध्ययन गर्यौं । यसरी फरक-फरक कालखण्डमा प्रयोगमा आएका विवाहका जोडी छनोट प्रकृया र विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन तथा तिनका कारणहरूको खोजी समेत गर्‍यौं ।

खर्च, समय र कतिपय प्राविधिक समस्याका कारण धेरै क्षेत्रहरूमा पुगेर अध्ययन अवलोकन गर्नु पर्ने भएता पनि त्यसलाई पुरा गर्न सकिएन । नेपाली समाजको अवस्थिती गाउँ र शहर विचको अन्तर, वैदेशिक रोजगारीमा जाने युवाहरूको बाध्यता र तिनको

परिवारले भोग्नु पर्ने समस्या तथा श्रीमान श्रीमतीमा विकास हुने मनो विज्ञान आदी कारणहरू सँग दुरुस्तै मेल खाने स्थलको रुपमा पर्वत जिल्लाको जलजला गाउँपालिका अन्तर्गतको वडा नं.७, धाइरिङ्ग (साविकको गा.वि.स.) लाई प्रतिनिधि स्थलको रुपमा छनोट गरी अध्ययन अवलोकन गरिएको छ ।

प्रविधि, सञ्चार र चेतनाको अभिबृद्धि, बदलिँदो सामाजिक परिवेश, पुँजिबाद र विश्व व्यवस्थात्मक प्रणालीको दबदबा आदीका कारण पुरानो उत्पादन सम्बन्धमा मात्रै सिमित भएर जीवीको पार्जन गर्न सक्ने अवस्था अहिलेलाई छैन । विकास र सम्बृद्धि सँगै मान्छेका जीवनमा गुणात्मक परिवर्तन आएको छ । यसरी आएको परिवर्तन सँगै सामाजिक र व्यक्तिका जीवनमा जटीलताहरू पनि थपिँदै गएका छन् । यस सँगै तिब्र प्रतिष्पर्धा चुलिदैँ गएका छन् । यी सबैको सामना गर्दै जीवन निर्वाह गर्नु मान्छेको पहिलो आवश्यकता हो । यसै आवश्यकतालाई परिपुर्ति गर्न समाज र मान्छेहरू तल्लीन रहने गरेका छन् । यस्तोमा समाजले निर्धारण गरेका कतिपय मान्यताहरू मान्छेलाई अपुग हुन्छन् भने समयको आवश्यकता सँगै कतिपय नयाँ मान्यताहरूलाई थप्दै जानुपर्ने हुन्छ । सोही अनुरुप मान्छेका दैनिक क्रियाक्लापहरू सञ्चालन हुने गर्दछन् । मान्छेहरूले दैनिक रुपमा सञ्चालन गर्ने क्रियाक्लापहरू जस्तै : धर्म, संस्कार जस्ता सामाजिक मान्यताहरू मध्ये विवाह र विवाहका जोडी छनोट प्रणाली पनि एक हो । यसलाई समाज र मान्छेहरूले नयाँ परिवेश, नयाँ सामाजिक बनोट, नयाँ उत्पादन सम्बन्ध सँग सँगै विकास र व्यवहार गर्दै गएका छन् । यसरी छोटकरीमा विवाहका जोडी छनोट प्रकृयामा पहिले नितान्त लमी (विवाह एजेन्सी) को भरमा मागेर, अभिभावको निर्णय मुताविक, सुनेको आधारमा, अरुले भनेको आधारमा, खानदान र पहुँच आदीलाई हेरेर छनोट गर्ने प्रचलन कायम थियो भने अहिले कुराकानी गरेर, आँफै प्रत्यक्ष भेटेर, फोन र सामाजिक सञ्जालमा आँफै पहिचान गर्दै कुराकानी गरेर र प्रेम सम्बन्ध कायम गरेर जोडीको छनोट गर्ने प्रचलन रहेको छ भन्न सकिन्छ ।

## ६.२ निष्कर्ष

यस सोधपत्रमा विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनलाई अध्ययन गरिएको छ । शुरुआतमा विवाह र विवाहका जोडी छनोट प्रणालीका विषयमा सामान्य परिचय, विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन र यसका कारणहरूका बारेमा विभिन्न निष्कर्षहरू निकालिएको छ । अध्ययनका लागि १०० जना विवाहित जोडी र स्रोत व्यक्तिहरूसँग व्यक्तिगत अन्तर्वार्ता तथा अन्य विभिन्न सरोकारवालाहरूसँग समुहगत छलफल तथा अध्ययन गर्दा परम्परागत रुपमा हुने गरेका विवाहका जोडी छनोट र आजभोलीका दिनमा सम्पन्न हुने विवाहका जोडी छनोटका तरिका तथा तिनमा परिवर्तन आउनुमा तिब्र परिवर्तित जीवनशैली, प्रविधी र सामाजिक सञ्जालको विकास, काम र स्थान परिवर्तन, चेतना अभिबृद्धी जस्ता कारणहरू हुन भन्ने निष्कर्षमा पुगिएको छ ।

विवाहका जोडी छनोट प्रणाली समाजमा सर्वव्यापक रुपको धारण गरेको विवाह संस्थालाई निरन्तर राख्न अपनाइने पुर्व कर्म हो । विवाहका जोडीको छनोट पश्चात महिला र पुरुष विचमा लगन गाँठो कसिँदै यसको विधिवत समापन हुन्छ । त्यस पश्चात उनिहरूलाई यौन समागम गर्ने, सन्तान उत्पादन गर्ने, सामाजिक मान्यता प्राप्त हुन्छ । विवाह पश्चात जोडीहरूबाट जन्मने सन्ततीले वंश धान्ने र पारिवारिक सम्पत्तीको हकदावी गर्न उत्तराधिकारी उपलब्ध गराउने काम गर्छ । यसरी मानवीय सांसारीक जन जिवनलाई निरन्तरता दिन विवाह संस्थाको आवश्यक भई यसको प्रचलन कायम छ । समयक्रमानुसार विवाहको तौर तरिकामा परिवर्तन हुँदै आएको छ, भने विवाह सम्पन्न गर्न पुर्व विवाहका जोडी छनोट गरिने तरिकामा पनि परिवर्तन हुँदै-हुँदै आएको छ ।

यसरी विकसित विवाहका जोडी छनोट प्रणालीमा आएको आरोह-अवरोह हरूमा सामाजिक घटनाक्रम कसरी प्रतिविम्वित भएका छन् र कसरी जोडी छनोट प्रणाली व्यवस्थित र विकसित हुँदैछन् ? के-के कारणले विवाहका जोडी छनोट प्रणालीमा परिवर्तन ल्याउन भुमिका खेलेका छन् ? भनेर जान्ने र खोज्ने काम यस अध्ययन भित्र सम्पन्न गरिएको छ ।

यसरी विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनको बुझाइलाई व्यवस्थित गर्न विवाहका जोडी छनोट सम्बन्धि परम्परागत तरिकाहरू जस्तैः नितान्त अभिभावकको निर्णयमा, जर्वजस्ती, साटो हालेर, कम उमेरमा, चोरेर आदी जस्ता उपाय अपनाउँदै सम्पन्न गर्ने गरिन्थ्यो । आजभोली जोडीको स्वनिर्णयमा, काम र पेशाका आधारमा, सामाजिक सञ्जाल र सञ्चार जस्ता प्रविधिहरूको उपयोग गर्दै उपयुक्त जोडीको छनोट गर्ने प्रचलन व्याप्त रहिआएको कुरा अध्ययनले देखाएको छ । जसको सविस्तार चौंथो र पाँचौ खण्डमा गरिएको छ ।

हामीले यस अध्ययन प्रकृयामा विवाह संस्कार अन्तर्गतको विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तन र यसलाई निर्धारण गर्ने कारक तत्वहरू औंल्याउने काम गर्‍यौं । तिब्र परिवर्तित जीवनशैली, प्रविधी र सामाजिक सञ्जालको विकास, काम र स्थान परिवर्तन, चेतना अभिबृद्धी जस्ता कारणहरूले विवाह र विवाहका जोडी छनोट प्रणालीमा निरन्तर परिवर्तन ल्यउनमा भुमिका खेलेको छ भन्ने निचोड अध्ययनको निष्कर्षमा निकालिएको छ ।

# सन्दर्भ सामाग्री


अधिकारी, रमेशचन्द्र (२०५३), *राजनितिक दर्शनको इतिहास,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, क्षेत्रबहादुर (२०६९), *हाम्रो पालाको माया प्रिती,* लालुपाते त्रैमासिक, अंक-१

आचार्य, बाबुराम (२०५४), *नेपालको सांस्कृतिक परम्परा,* काठमाण्डौ ।

काफ्ले, दिपकराज (२०५९), *पोखराका कसाईं जातिको विवाह पद्धतिमा शहरीकरणको प्रभाव,* (अप्रकाशित शोध), पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय ।

खनाल, रामेश्वर प्रसाद (२०६८), *उदीयमान मध्यम वर्ग रचनात्मक पनि उपभोगी पनि,* नेपाल साप्ताहिक आइतबार, २२ साउन ।

नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग, मार्च, २०१४ ।

पाठक, युग, (२०७४), *माङ्गेना नेपाल मन्थन,* काठमाण्डौः फाइन प्रिन्ट बुक्स ।

बराल, रामचन्द्र (२०५७), *विवाह विच्छेदका कारण र असर* (अप्रकाशित शोधपत्र), त्रि.वि. समाजशास्त्र ।

भण्डारी, लक्ष्मी (२०७१),*पोखराका क्षत्री समुदायको वैवाहिक संस्कारमा शहरीकरणले पारेको प्रभाव,* (अप्रकाशित शोध पत्र) त्रि.वि.समाजशास्त्र/मानवशास्त्र ।

भट्टराई, हर्षनाथ (२०४६), *हाम्रो समाजको अटल आधार विवाह,* काठमाण्डौः साझा प्रकाशन ।

भृगु (सन् २०१३), मनुस्मृती, वाराणसीः चौखम्बा ।

मिश्र, चैतन्य (२०६५), *बदलिँदो नेपाली समाज,* काठमाण्डौः फाइन प्रिन्ट आएनसी ।

राष्ट्रिय श्रम प्रतिष्ठान-नेपाल(सन् २००३), काठमाडौं, पर्वत जिल्लाको गा.वि.स. स्तरीय तथ्याङ्क र नक्साहरू ।

विद्यालय सुधार योजना (२०७३), *श्री फर्से धाइरिङ मा.वि. जलजला-७,* धाइरिङ पर्वत ।

शास्त्री, सत्यव्रत (सन् २०१३), *चाणक्य निती,* कोलकताः भारतिय विद्या मन्दिर ।

सुवेदी, मधुसुधन (२०५६), *हिन्दु विवाहको इतिहास,* ललितपुरः श्रीमती सानुमैया सुबेदी, बैकुण्ठ तथा दामोदर सुवेदी ।

सुवेदी, झलक (२०६३), मुल्याङ्कन मासिक, असोज, वर्ष-२४ पुर्णाङ्क-१४५ ।

# अनुसुची १

**मुख्य सूचनादाता अनतरवार्ता तथा समुहगत छलफलका लागि तय गरिएका अन्तरवार्ता प्रश्नावली**

नेपाली समाजमा विवाहका जोडी छनोट प्रणलीमा आएको परिवर्तन : एक समाजशास्त्रीय अध्ययनका लागि तयार पारिएको प्रश्नावलीहरूको सूची : २०७४

उत्तरदातको नामथर : ..........................................................................

अन्तरवार्ता मिति : .........................उमेर : ....................      ठेगाना : ............

.................. छनोटको आधार ..........................

## प्रश्नसूची

(परम्परागत र वर्तमान सन्दर्भलाई मध्यनजर गर्दै प्रश्नको उत्तर दिन अनुरोध गरिएको छ ।)

१. तपाइँको समुदायमा विवाहका जोडी छनोट प्रकृया कसरी सम्पन्न गर्ने गरिन्छ ?

२. तपाइँको समुदायका सदस्यहरूमा प्रचलित विवाहका जोडी छनोट तरिकाको अनुभव बताइदिन सक्नु हुन्छ ?

३. तपाइँको समुदायमा विवाहका जोडी छनोट प्रकृयामा कस्को भुमिका महत्वपुर्ण हुन्छ ?

४. जोडी छनोट प्रकृयामा के कुरालाई बढी प्रथामिकता दिने गरिन्छ ?

५. समुदायमा अर्न्तजातिय विवाह,वालविवाह,अनमेल विवाह र विधवा विवाह आदीको अवस्था कस्तो छ ?

६. जोडी छनोट गर्ने तरिकाले परिवारको पृष्ठभुमिलाई प्रतिविम्वित गर्छ कि गर्दैन ?

७. छनोटको निर्णय गर्दा धार्मिक तथा परम्परागत संस्कारहरू पालना गर्ने चलन कस्तो छ ?

८. जोडी छनोट गर्दै गर्दा दाइजो तथा सम्पत्ती जस्ता कुराहरूको प्रभाव कस्तो छ ?

९. विवाहका जोडी छनोट आफ्नो नाता ताङ्लो (सञ्जाल) भित्रै सम्झौता गर्नुलाई राम्रो मानिन्छ कि योग्य वर बधु जता मिल्छ उतै गर्नुलाई राम्रो मानिन्छ ?

१०. छनोट प्रकृयालाई सम्पन्न गर्न काम, धार्मिक मान्यता वा सन्तान उत्पादन जस्ता कुनचाँही कुराहरूलाई प्रथामिकता दिने चलन कस्तो छ ?

११. विवाहका जोडी छनोट प्रकृयामा विकसित सूचना प्रविधिहरूको प्रभावले प्रचलित मान्यताहरूमा फरक ल्याउने गरेको छ कि छैन ?

# अनुसुची २

## स्रोत व्यक्ति अर्न्तवार्तामा सहभागीहरूको नामावली

| क्र.सं. | नाम | उमेर | ठेगाना | छनौटको आधार |
|---|---|---|---|---|
| १ | बमबहादुर क्षेत्री | ८६ वर्ष | जलजला-७ पर्वत | लमी |
| २ | क्षेत्रबहादुर के.सी. | ७५ वर्ष | जलजला-७, हालः बे.न.पा | लमी |
| ३ | ध्रुबप्रसाद आचार्य | ३५ वर्ष | जलजला-७, हालःकाठमाण्डौ | बैङ्कर |
| ४ | डिल्लीराम पौडेल | ३८ वर्ष | जलजला-७ | शिक्षक |
| ५ | यज्ञबहादुर थापा | ४० वर्ष | जलजला-७, मिलनचोक | वकिल |
| ६ | ठाकुरप्रसाद आचार्य | ३८ वर्ष | जलजला-७,हालःबे.न.पा | पत्रकार |
| ७ | खिमप्रसाद पौडेल | ६५ वर्ष | जलजला-७,सल्यान | पुरोहित |
| ८ | टेकनारायण आचार्य | ३८ वर्ष | जलजला-७,लोहासे | कृषक |
| ९ | दिपक आचार्य | ३२ वर्ष | जलजला-७, घाखेत | युवा राजनितिज्ञ |

# अनुसुची ३

## समुहगत छलफलमा सहभागीहरूको नामावली

| क.सं. | नाम | ठेगाना | छनौटको आधार |
|---|---|---|---|
| १ | फडिन्द्र आचार्य | जलजला-७, धाइरिङ, हालः काठमाण्डौ | सरकारी जागिरे |
| २ | बोम के.सी. | जलजला-७, पर्वत | व्यवसायी |
| ३ | खड्क के.सी. | जलजला-७, पर्वत | वैदेशिक रोजगारीमा |
| ४ | सन्तबहादुर दर्जी | जलजला-७, पर्वत | दलित अगुवा |
| ५ | जमुना आचार्य | जलजला-७, पर्वत | महिलासेवी |
| ६ | टुङ्गनाथ शर्मा | जलजला-७, पर्वत | वडाअध्यक्ष |
| ७ | रत्न के.सी. | जलजला-७, पर्वत | सामाजिक अभियन्ता |
| ८ | मुनाल के.सी. | जलजला-७, पर्वत | विवाहित किशोर |
| ९ | डिल्लीराम पौडेल | जलजला-७, पर्वत | शिक्षक |
| १० | मोतीलाल उपाध्याय | जलजला-७, पर्वत | बयोबृद्ध |
| ११ | बशन्त पुन | जलजला-७, पर्वत | युवा अगुवा |
| १२ | सुदर्शन आचार्य | जलजला-७, पर्वत | युवा पुरोहित |
| १३ | हरिकृष्ण आचार्य | जलजला-७, पर्वत | कृषक |
| १४ | हरिप्रसाद आचार्य | जलजला-७, पर्वत | राजनितिज्ञ |
| १५ | हमबहादुर के.सी | जलजला-७, पर्वत | लाहुरे |